सहभागी होऔं सहभागी होऔं

"स्थानीय उत्पादनलाई प्रवर्द्धन गरौँ"

'१३ औं घरेलु उत्पादन प्रवर्द्धन मेला २०८२' मा स्टल राखी व्यवसाय प्रवर्द्धन गरौँ ।

**मेला हुने मिति** : २०८२ पुस ३, ४ र ५ गते
**स्थान** : न:पुखु परिसर, भक्तपुर नगरपालिका वडा नं.२
**नाम दर्ता गर्ने अन्तिम मिति** : २०८२ मङ्सिर २९ गते, सोमबारसम्म
**सम्पर्क नं.** : ५१७७०१० ९८४१४७७५२८ ९८४१२७१८५३ ९८४१४७२९९५

आयोजक GOLOCAL

भक्तपुर घरेलु तथा साना उद्योग संघ

सहकार्य: उद्योग तथा वाणिज्य कार्यालय, भक्तपुर



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



भक्तपुर श्रमिक बचत तथा ऋण सहकारी संस्था लि.

भनपा-२

**१८ औं वार्षिक साधारणसभासम्बन्धी सूचना**

यस संस्थाको १८ औं साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम**
**मिति** : २०८२।०८।२९ गते, सोमबार
**समय** : दिउँसो २:०० बजे
**स्थान** : भनपा सभाकक्ष



★ वर्ष : २७ ★ अङ्क : ३२६ ★ ने. सं. ११४६ थिंला गा, दशमी ★ आइतबार ★ २८ मङ्सिर, २०८२ ★ December 14, 2025, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८


## ख्वप विश्वविद्यालय सञ्चालनको विधेयक पारित भएमा चिकित्सा शिक्षा पनि सुरू हुने




भक्तपुर, २७ मङ्सिर । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा ख्वप इन्जिनियरिङ कलेजको २४ औँ र ख्वप कलेज अफ इन्जिनियरिङको १७ औँ वार्षिकोत्सवको उपलक्ष्यमा शनिबार विद्यार्थी स्वागत, बिदाइ तथा सांस्कृतिक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा अतिथि सुवालले नेपाल मजदुर किसान पार्टीको देश र जनताको नि:स्वार्थरूपमा सेवा गर्ने राजनीतिअनुसार भक्तपुर नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरूले २६ वर्ष अघि ख्वप कलेजहरू स्थापना गरिएको बताउनुभयो ।

भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालनको विधेयक पारित भएमा चिकित्सा शिक्षा पनि सुरू हुने उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "गएको भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगको वक्तव्यमा सरकारमा गएकाहरूले जनताका समस्या समयमा सम्बोधन गर्न नसकेको र सम्भावित घटनाको पूर्वानुमान गर्न नसकेको उल्लेख छ । यसले सरकारका प्रधानमन्त्री र मन्त्रीहरू झन्डावाल गाडीमा सिंहदरबार भित्र-बाहिर मात्र गरेको पुष्टि भयो ।"

जिल्ला जिल्लाबाट ख्वप कलेजमा अध्ययन गर्न आउने विद्यार्थीहरूको स्थानीय अभिभावकको भूमिकामा भक्तपुरका जनता रहनेछन् । विद्यार्थीहरू अनुशासित भएर उच्च शिक्षा अध्ययनमा लाग्नु जरूरी छ, उहाँले थप्नुभयो ।

कार्यक्रमका सभापति, भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर ज्ञान विज्ञानको केन्द्रको रूपमा स्थापित हुँदै आएको चर्चा गर्नुभयो ।

२०७२ सालको भूकम्पपछि भक्तपुर नगरपालिकाका सम्पदाहरूको पुन:निर्माणको लागि जर्मनी सरकारबाट ससर्त १ अर्ब २० करोड रूपैयाँ अनुदान आएको तर ती सर्तहरू देशको सार्वभौमसत्ता र संविधानविपरीत भएको हुँदा सहयोग अस्वीकार गरी जनताकै पसिनाबाट भक्तपुरका १६९ वटा सम्पदाहरू पुन: निर्माण गरेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "देश एनजीओ र आईएनजीओले गर्दा परनिर्भर हुने खतरा बढ्दो छ । अमेरिकी र भारतीय स्वार्थअनुसार काम गर्दा भदौ २३ र २४ गतेको विध्वंसमा सयौँ सम्पदा खरानी भई खर्बौं सम्पत्ति नष्ट हुनुको साथै मानवीय क्षति भयो ।"

कलेजबाट उत्तीर्ण विद्यार्थीहरूले इमानदारिताका साथ कार्य गर्नुपर्ने आवश्यकता औँल्याउँदै प्रमुख प्रजापतिले इमानदारिता, नैतिकता र धैर्यता ख्वपको विशेषता भएको बताउनुभयो ।

विदेशीको होइन स्वदेशको सेवा गर्ने इन्जिनियर हुनुपर्ने उहाँले बताउनुभयो ।

वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले देशको धरोहर, सम्पदा र इतिहासको विनाश र विध्वंश गर्ने जोकोहीलाई पनि इतिहासले माफी नदिने र व्यक्तिको छवि स्वच्छ भएन भने जतिसुकै ज्ञान हासिल गरे पनि महत्त्व नराख्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्यालेस्टिनको ८०-९० प्रतिशत भूभाग ध्वस्त पारिएको छ तर पनि प्लालिस्टिनी जनता आफ्नो मातृभूमिको रक्षाको लागि लडिरहेका छन् । हामी नेपाली देशमा केही छैन भन्दै विदेश पलायन हुँदै छौँ । संसारकै अनुशासित विद्यार्थी तथा धेरै इन्जिनियरहरू रहेको देश प्रजग कोरिया हो ।"


***बाँकी पृष्ठ ३ मा***


## "प्रभातले शैक्षिक र अतिरिक्त क्रियाकलाप दुवैलाई सँगसँगै अघि बढाइरहेको छ"




भक्तपुर, २७ मङ्सिर । प्रभात इङ्गलिस सेकेन्डरी स्कूलको ४४ औँ स्थापना दिवसको अवसरमा शनिबार स्थानीय मुलाछैँ टोलमा सांस्कृतिक कार्यक्रम भयो ।

कार्यक्रम उद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेम सुवालले सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित प्रभातले शैक्षिक र अतिरिक्त क्रियाकलाप दुवैलाई सँगसँगै अघि बढाउने प्रयास गरी अभिभावकहरूको सुझावलाई मनन गरी शैक्षिक गतिविधि अघि बढाइरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "विद्यार्थीहरूलाई थप केही विषय र नेपालकै केही थप भाषा पनि सिकाउने व्यवस्था भइरहेको छ । देशलाई बुझ्ने र बाँकी संसारलाई बुझ्ने विद्यार्थी तयार गर्ने काममा अभिभावकहरूको पनि योगदान आवश्यक हुनेछ ।"

उहाँले थप्नुभयो, "विद्यालयले समाजलाई मदिरा, धूमपान र अन्य दुर्व्यसनीबाट सुरक्षित राख्न सहायोग गर्नेछ । क्यान्सर, किडनी, मुटु रोग लाग्ने सुर्तीजन्य पदार्थ र मदिरालाई निरूत्साहित गरी सुसंस्कृत नागरिक बनाउन मद्दत गर्ने विद्यालयको पनि उद्देश्य हो ।"

वाग्मती प्रदेशसभा सदस्य सिर्जना सैंजुले भन्नुभयो, "बालबालिकाको मस्तिष्क जन्मेर तीन वर्षदेखि नै परिपक्वतातर्फ आउने हो । आमाबुबाले यो उमेरका बालबालिकाहरूलाई असल व्यवहार गर्न जरूरी छ । मोबाइलको आदतमा परेका बालबालिकाहरूलाई मादललगायत अनेक बाद्यवादन बजाउने सिकाउनुपर्दछ । बालबालिकाहरूलाई प्याकेटमा आउने तयारी खाजा होइन आफ्नै भान्छामा तयार भएका खानेकुरा ख्वाउनु जरूरी छ । बालबालिकाहरूलाई समयसमयमा खेतबारीमा लगेर नाङ्गो खुट्टाले माटोमा हिँडाउने, खेलाउने तथा हरियाली देखाउने गरेमा खेतीको काम गर्ने, मस्तिष्कको विकास, शारीरिक, मानसिक, सामाजिक विकास हुनेछ ।"

वाग्मती प्रदेशसभाका सदस्य गीता काफ्लेले बालबालिकाहरूको आकर्षक कलाकारिता प्रस्तुति देखेर आफू अत्यन्त हर्षित भएको उल्लेख गर्दै प्रभात स्कूल एउटा नमुना विद्यालयको रूपमा पाएको बताउनुभयो ।

विद्यालयका संस्थापक बालमुकुन्द बासुकला, लक्ष्मीभक्त लासिवा, भक्तपुर जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि एवं लेखा प्रमुख विष्णुहरि थापा, भनपा २ का वडा अध्यक्ष हरिप्रसाद बासुकला, भनपा ६ वडाका कार्यबाहक वडाध्यक्ष रोशनमैयाँ सुवाल, जनगायक विनोद विक समेत, विभिन्न क्षेत्रका भद्रभलाद्भीहरू तथा स्थानीय टोलवासीहरूको उपस्थितिमा सम्पन्न कार्यक्रममा अभिभावक परामर्श समितिका गौतमप्रसाद लासिवाले धन्यवाद र प्राचार्य बदनकेशरी प्रजापतिले स्वागत मन्तव्य दिनुभएको थियो ।

कार्यक्रम शिक्षिका मनिता थापाले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा विद्यालयमा अध्ययनरत नर्सरीदेखि कक्षा ३ सम्मका विद्यार्थीहरूको नृत्य, गायन, नाटक, समसामयिक प्रविधि प्रयोगलगायत २८ विधा प्रस्तुत गरिएको थियो ।

## माओ र स्तालिन दिवसको अवसरमा शिक्षक भेला

भक्तपुर, २७ मङ्सिर । विश्व सर्वहारावर्गका महान् गुरुहरू माओ त्सेतुङको १३२ औँ र जोसेफ स्तालिनको १४७ औँ जन्म दिवसको अवसरमा नेपाल क्रान्तिकारी शिक्षक सङ्घ भक्तपुर जिल्ला समितिले शनिबार शिक्षक भेला गऱ्यो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले दुई छिमेकी मुलुकहरू चीन र भारतको स्वतन्त्रता सँगसँगै भए तापनि चीनले तल्लोस्तरबाटै शिक्षामा सुधारात्मक नीति अवलम्बन गरेको कारण आज विज्ञान, प्रविधि, अर्थतन्त्र, राजनीतिमा अगाडि रहेको चर्चा गर्दै क्रान्तिकारी परिवर्तनका लागि शिक्षामा जोड दिनुपर्ने विचार सोभियत समाजवादी क्रान्ति र चिनियाँ क्रान्तिले देखाएको बताउनुभयो ।

गरिबी निवारणमा ऐतिहासिक उपलब्धि हासिल गर्दै चीनले आर्थिक असमानता हटाउन 'समाजलाई फिर्ता गर' भन्ने नारा अगाडि सार्दै विश्वमै चिनियाँ मोडलको समाजवाद स्थापनामा लागिपरेको भन्नुभयो ।

स्तालिनको नेतृत्वमा रहेको सोभियत समाजवादले नाजिवादसँग डटेर सामना गर्दा धेरै सोभियत सेनाहरूले समाजवाद रक्षार्थ बलिदान दिएको भन्दै पुँजीवादी सञ्चारमाध्यमले स्तालिनलाई तानाशाहीका रूपमा बदनाम गरिरहेको बताउनुभयो ।

नेक्राशिसङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले विश्व कम्युनिस्ट आन्दोलनबाट सिकेर नेपाली जनताकै साथमा नेपालमा क्रान्ति गर्नुपर्ने औँल्याउँदै २०४६ सालको जनआन्दोलनपछि नेमकिपाले समाजवादी प्रचार अभियान थालिरहेको बताउनुभयो । नेपालको कम्युनिस्ट आन्दोलनमा अवसरवादी चरित्र बोकेका पार्टीहरू देखापरेको उल्लेख गर्दै उहाँले गैरसरकारी संस्थाहरूले देशको सार्वभौमिकता नै समाप्त गर्न सक्ने उदाहरण सोभियत सङ्घको विघटनपश्चात् पन्ध्रओटा देशमा टुक्रा भएबाट पुष्टि हुन्छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष गणेशराम थुसाको सभापतित्वमा सम्पन्न कार्यक्रममा शिक्षकद्वय केपी छुस्याकीले माओको जीवनी र रत्नप्रसाद फैजूले स्तालिनको जीवनीबारे प्रस्तुति दिनुभएको थियो । कार्यक्रममा शिक्षक घनश्याम खड्का र राजन लाखाले पनि बोल्नुभयो ।


कृषि उत्पादनमा आत्मनिर्भर बनौं।

❖कृषियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
❖स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
❖कृषि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
❖आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
❖आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
❖कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
❖कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलव्ध गराऔं,
❖कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
❖युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
❖कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं,आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



मथिनपा वडा नं ८, बोडेको सहयोग तथा सहरी स्वास्थ्य केन्द्र बोडेको आयोजनामा १५ दिनमा एक पटक टोल टोलमा गई सहरी स्वास्थ्य केन्द्रबाट प्रदान गरिने सेवाहरूबारे जानकारी दिने र घरदैलो सामान्य स्वास्थ्य सेवा दिने कार्यक्रमअनुसार हिजो बोडे नछुटोलमा रक्तचाप तथा सुगर जाँच गरी सेवा शुभारम्भ ।

*तस्बिर : मजदुर दैनिक*

# देश भद्रगोलको स्थितिमा पुग्नुमा शासक दलहरू दोषी




भक्तपुर, २७ मङ्सिर । नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर समितिको आयोजनामा शुक्रबार नगरस्तरीय पार्टी कार्यकर्ता भेला भयो ।

समसामयिक विषयमा छलफलको निम्ति आयोजित उक्त भेलामा पार्टीका सचिव प्रेम सुवालले सरकारमा बसेकाहरूले वर्तमान मात्र होइन भविष्यमा हुनसक्ने घटनाहरूबारे पनि सोच्नुपर्ने र जानकार हुनुपर्ने बताउनुभयो ।

उहाँले शासक पार्टीहरू सत्ता स्वार्थमा लागेका कारण भदौ २३ र २४ गते मुलुकले अपूरणीय क्षति व्यहोर्नु परेको चर्चा गर्दै सरकारमा बस्नेहरूले जनताको समस्या समाधान गर्न नसकेको कारण देश भद्रगोलको स्थितिमा पुगेको र विदेशी हस्तक्षेप बढेको प्रस्ट पार्नुभयो ।

व्यक्तिगत स्वार्थभन्दा सार्वजनिक हितलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्ने विषयमा पार्टीको धारणाबारे प्रस्ट पार्दै उहाँले भन्नुभयो, “निःस्वार्थपूर्वक देश र जनताको सेवा गर्नु नै राजनीति हो; बहुमत जनताको हित साम्यवादी समाजमा मात्र हुन्छ, जहाँ गाउँ र सहरबिच भिन्नता हुन्न; मानिसले मानिसलाई गर्ने शोषणको अन्त्य हुन्छ; सबै मानिस समान हुन्छन्; वर्ग रहँदैन ।”

भ्रष्टाचारको विरोधमा नेमकिपाका अग्रजहरूले पञ्चायती व्यवस्थाको सुरुदेखि नै आन्दोलन गरेकाले भ्रष्टाचारमा लिप्त शासक पार्टीहरूले नेमकिपाबारे झूटा प्रचार गरिरहेको बताउँदै सचिव सुवालले पार्टीका अग्रजहरूको सङ्घर्षकै कारण किसानले मोहियानी हक पाएको चर्चा गर्नुभयो ।

उहाँले पुष्पलाल नेतृत्वको तत्कालीन कम्युनिस्ट पार्टीमा सैद्धान्तिक खोट देखापरेपछि त्यसको खण्डन गर्दै २०३१ सालमा नेमकिपा स्थापना गरिएको स्पष्ट पार्दै जनतालाई राजनीतिक चेतना दिएर सङ्गठित गर्न सके राजनीतिक पार्टी पनि बलियो हुने र देश बनाउन पनि सक्ने बताउनुभयो ।

राजनीतिक कार्यकर्ताले राष्ट्रिय-अन्तर्राष्ट्रिय विषयमा जानकारी राखिराख्नुपर्ने र अध्ययन गोष्ठी, अन्तरक्रिया गरिरहनुपर्ने आवश्यकता औँल्याउँदै सचिव सुवालले भदौ २३ र २४ गतेको घटनाका लागि दोषी शासकहरू नै हुने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष सूर्यभक्त त्वातीको सभापतित्वमा सम्पन्न उक्त भेलामा पार्टीका केन्द्रीय सदस्य अनुराधा थापामगर, नेमकिपा सूर्यविनायकका महेन्द्र बखुन्छेँ र राजेन्द्र बखुन्छेँले पनि बोल्नुभएको थियो ।

# अभिभावक सचेतनात्मक कार्यक्रम सम्पन्न

भक्तपुर, २७ मङ्सिर । भक्तपुर देकोचास्थित जेन्युइन स्कूलले बालबालिकाको समग्र विकासमा अभिभावकको भूमिकालाई सुदृढ बनाउने उद्देश्यले आयोजित अभिभावक सचेतनात्मक कार्यक्रम शनिबार गरेको छ ।




कार्यक्रममा स्रोतव्यक्ति एवम् प्रशिक्षक, इसिइसि इनोभेसन इन एजुकेसनका प्रबन्ध निर्देशक पिताम्बर न्यौपानेले सहजीकरण गर्दै सकारात्मक अभिभावकत्व विषयमा प्रस्तुतीकरण गर्नुभयो ।

साना साना बालबालिकाहरूलाई नरम र नियन्त्रणात्मक व्यवहारमा सन्तुलन गर्ने तरिका, उमेरअनुसारको सिकाइ प्रक्रिया तथा अपेक्षाका विषयवस्तुमा विस्तृत छलफल गरिएको थियो । उपस्थित अभिभावकहरूले राखेका आफ्ना सन्तानका समस्याको व्यवस्थापनका उपायहरूबारे प्रशिक्षक न्यौपानेले स्पष्ट पार्नुभएको थियो ।

अभिभावकहरूलाई बालबालिकाहरूको उमेरअनुसार मस्तिष्कको विकास हुने हुनाले कम उमेरमै सिकाइ क्षमता र व्यवहारमा परिवर्तन अपेक्षा गरेझैं नहुने भएकोले यथार्थपरक बालमैत्री क्रियाकलापमा उहाँले जोड दिनुभयो । नानीहरूका जग राम्रो बनाउन कथाको माध्यमबाट सुनाइ बोलाइ र पढाइमा विशेष ध्यान दिन आवश्यकता रहेको र उमेरअनुसारको थप पुस्तकहरू अध्ययन गराउँदा शब्द भण्डार पनि वृद्धि हुने उहाँले स्पष्ट पार्नुभयो ।

नानीहरूको हुर्काइमा माया र अनुशासनबिचको सन्तुलन कायम हुनुपर्ने, जीवनउपयोगी सीप र घरायसी क्रियाकलापमा संलग्न गराउदै बालबालिकाहरूको मानसिक तथा शारीरिक विकासमा अभिभावकले मालीले बोटबिरुवा स्याहार गरेजस्तै आफ्ना नानीमा सामाजिक व्यवहार र आवश्यक ज्ञानहरू उमेर र समयअनुसार विकास हुने वैज्ञानिक तथ्यहरूको बारेमा चर्चा उहाँले गर्नुभयो ।

उक्त कार्यक्रममा स्वागत विद्यालयका निमित प्रिन्सिपल राजन धौभडेलले र धन्यवाद प्राइमरी इन्चार्ज इरा कर्माचार्यले गर्नुभएको थियो । कार्यक्रम स्कूलका पीजीदेखि कक्षा ५ सम्मका अभिभावकहरूलाई लक्षित गरी आयोजना गरिएको थियो ।

# महेश्वरी साकोसको १८ औँ वार्षिक साधारणसभा सम्पन्न

भक्तपुर, २७ मङ्सिर । महेश्वरी बचत तथा ऋण सहकारी संस्था लिको १८ औँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भयो ।




संस्थाका ज्येष्ठ संस्थापक सदस्य एवं स्थानीय सांस्कृतिक गुरु कृष्णबहादुर ध्वंजुबाट उद्घाटन भएको सो कार्यक्रममा वाग्मती प्रदेश सहकारी सङ्घका सदस्य कृष्णगोविन्द लाखाजुले आफ्नो स्थानीय भाषा, कला संस्कृतिलाई अँगालेर नयाँ पुस्तालाई पनि सिकाउदै जानुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले सहकारी संस्थाले जन समुदायमा आधारित भई आर्थिक पक्षमा मात्र नभई सांस्कृतिक र सामाजिक पक्षको विकास गर्न टेवा पुऱ्याउनुपर्ने विचार व्यक्त गर्नुभयो ।

कति सहकारीहरूले आफ्नो निहित स्वार्थमा रकम दुरूपयोग गरी सहकारी संस्थाहरूकै बदनाम गरेको हुँदा समुदायमा आधारित सहकारीमा मात्र कारोबार गर्न उहाँले आग्रह गर्नुभयो । सहकारीले बहुसङ्ख्यक शेयर सदस्यहरूको आर्थिक स्तर उकास्न पहिलो प्राथमिकता दिनुपर्ने विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा संस्थाका सचिव अञ्जन छुस्याबागले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष राजुराम ख्याजुले आय व्यय विवरण र आगामी वर्षको योजना प्रस्तुत गर्नुभएको थियो ।

लेखा सुपरिवेक्षण समितिका संयोजक श्याम ख्याजुले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष तेजभक्त श्रेष्ठले स्वागत गर्नुभएको थियो । कार्यक्रम संस्थाको अध्यक्ष राजेस कुस्माको सभापतित्वमा भएको थियो । सभामा प्रस्तुत भएका विभिन्न प्रतिवेदनहरूका साथै विनिमय २०६४ को पहिलो संशोधन प्रस्ताव सर्वसम्मत पारित एवं अनुमोदन गरिएको थियो ।

# कारागारबाट फरार भई चोरीमा संलग्न भएको आरोपमा पक्राउ

काठमाडौँ, २७ मङ्सिर । जिल्ला प्रहरी परिसर काठमाडौँले चोरीको रु. १० लाख २३ हजार ५०० नगदसहित एक जनालाई पक्राउ गरेको छ ।

परिसरका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार गत भदौ २३ र २४ गतेको आन्दोलनका क्रममा केन्द्रीय कारागार जगन्नाथ देवलबाट फरार रहेका नुवाकोट बेलकोटगढी-९ का दीपक गजुरेललाई ठमेलबाट पक्राउ गरिएको हो ।

प्रहरीका अनुसार गजुरेलले यही मङ्सिर २६ गते राति १२:३० बजे काठमाडौँ सोह्रखुट्टेस्थित होटल लोटस ग्राण्डको पहिलो तल्लामा रहेको नेपाल होलिडे ट्रेक एण्ड ट्राभल्सको कार्यालयबाट चोरी गरेको पाइएको छ । गजुरेलले काठमाडौँ महानगरपालिका-९ सिनामङ्गलस्थित राज फाइनान्सबाट पनि यही मङ्सिर २४ गते चोरी गरेको प्रहरीको भनाइ छ ।

प्रहरीले आरोपी गजुरेलबाट नगदसहित खैरो रङको व्याग, चोरी गर्दा प्रयोग गरेको हरियो रङ्गको हुडी, क्यानन क्यामेरा, हार्ड ड्राइभलगायतका सामग्री बरामद गरेको छ । ***(रासस)***

# ‘भेनेजुयला हिजो आज’ बारे अन्तरक्रिया



भक्तपुर, २७ मङ्सिर । नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर जिल्ला समितिको आयोजनामा शनिबार ‘भेनेजुयला हिजो आज’ पुस्तकबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य उकेश कवांले भेनेजुयलाको सरकारमा रहेको समाजवादी पार्टी र कम्युनिस्ट पार्टीले सिद्धान्तअनुसार देश र कामदार वर्गका जनताको हितमा काम गरिरहेको तर नेपालमा सरकारमा गएका तथाकथित कम्युनिस्ट पार्टीहरूले विदेशी एकाधिकार पुँजी र साम्राज्यवादीहरूको हितमा काम गरेको बताउनुभयो ।

उहाँले नेपालका कम्युनिस्ट पार्टी नामधारी पार्टीहरूले सिद्धान्त र विचारको राजनीति नगरी पुँजीवादी राजनीति गर्दा देश भ्रष्टाचारको दलदलमा फसेको र विदेशी हस्तक्षेप बढेको प्रस्ट पार्नुभयो ।

उहाँले क्रान्तिकारी र देशभक्तिपूर्ण विचार देशव्यापी जनतामाझ प्रचारप्रसार गर्न नसकेसम्म देशमा अवसरवादी राजनीति भइरहने बताउनुभयो ।

नेपाल क्रान्तिकारी युवा सङ्घका पूर्वकेन्द्रीय अध्यक्ष प्रकाश थुसाले भेनेजुयलाका राष्ट्रपतिहरू ह्युगो चाभेज र निकोलस मादुरोको नेतृत्वमा अगाडि बढिरहेको बोलिभारियाली क्रान्तिलाई अन्त गर्न र पेट्रोलियम र सुनजस्ता त्यस देशका बहुमूल्य प्राकृतिक स्रोतसाधन पुनः आफ्नो कब्जामा लिन संरा अमेरिकाले अन्तिम अस्त्रको रूपमा सैनिक हमला गर्न लागेको बताउनुभयो ।

भेनेजुयलामा मुक्तिदाता सिमोन बोलिभार, चे ग्वेभारा, ह्युगो चाभेजजस्ता नेताहरूको शिक्षाले प्रशिक्षित नागरिकहरूको बहुमत रहेको हुनाले साम्राज्यवादी र दक्षिणपन्थीहरूले जित्न नसक्ने बताउनुभयो ।

नेक्रायुसङ्घ भजिसका सहसंयोजक ए.एस.को सभापतित्वमा भएको कार्यक्रममा समितिका मुना बासुकला, सुतेज दुवाल, सङ्गीता नेपालीलगायतले बोल्नुभएको थियो ।

# सिद्धि गणेशमा 'सहकारीमा युवाको भूमिका' विषयमा अन्तरक्रिया




भक्तपुर, २७ मङ्सिर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को युवा उपसमितिको आयोजनामा 'सहकारीमा युवाको भूमिका' विषयमा अन्तरक्रिया तथा राय सुझाव सङ्कलन कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले न्यून आय भएका जनतालाई सानो उद्यम सुरू गर्न आवश्यक सीप प्रदान गरी उनीहरूमाझ आर्थिक अवसरहरू सिर्जना गर्नु सहकारी संस्थाहरूको मूल उद्देश्य हुनुपर्ने धारणा राख्नुभयो ।

युवा उमेरले नभई शैक्षिक, बौद्धिक, विवेक र सांस्कृतिक स्तरले निर्धारण हुने चर्चा गर्दै उहाँले युवाले सामूहिक पहलमा स्वस्थ प्रतिस्पर्धा गरी उद्यम विकास गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

केन्द्रीय सदस्य गोसाईले भन्नुभयो, "गलतलाई गलत भन्नु, गलत कार्यको विरोध गर्नु र जनताको सेवा गर्नु राजनीति हो । भदौ २३ र २४ गते भएको भौतिक र मानवीय क्षति हुनुमा युवामा राजनीतिक ज्ञान र सामाजिक भावनाको कमी हुनु हो ।"

कार्यक्रममा संस्थाका अध्यक्ष रूद्रनारायण लाखाले संस्थाका युवाहरूको आर्थिक, सामाजिक विकासका निम्ति संस्थाबाट गर्न सक्ने कार्यको पहिचान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रमका सभापति, उपसमितिका संयोजक एवं संस्थाका उपाध्यक्ष विष्णुराम दुमरू, संस्थाका व्यवस्थापक शिला गोसाई र कार्यक्रम तथा प्रवर्द्धन अधिकृत बिमल लवजुले पनि बोल्नुभएको थियो ।



दक्षिणकाली नगरपालिका, फर्पिङको शान्ति साङ्गीतिक समूहद्वारा आयोजित शनिबार भएको खुला बाँसुरी बाजा प्रतियोगितामा भक्तपुर नगरपालिका वडा नं. २ स्थित लोकेश्वर बाँसुरी बाजा समूह पहिलो हुन सफल भएको छ । पहिलो हुन सफल लोकेश्वर बाँसुरी बाजा समूहका सांस्कृतिककर्मीहरू ।

*तस्बिर : मजदुर दैनिक*

# पाठेघर परीक्षण (भीआईए टेस्ट) तथा स्तन परीक्षण शिविर सम्पन्न

भक्तपुर, २७ मङ्सिर । भक्तपुर नगरपालिका वडा नं. ९ कार्यालयको आयोजनामा शनिबार वडावासी महिलाहरूको पाठेघर परीक्षण (भीआईए टेस्ट) तथा स्तन परीक्षण शिविर सम्पन्न भयो । नगर उपप्रमुख रजनी जोशीले ख्वप अस्पतालका चिकित्सक डा. श्रीजा किसीलाई परीक्षण सामग्री हस्तान्तरण गरी शिविरको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख जोशीले नगरवासीहरू स्वस्थ र निरोगी बनेमा नगरपालिका नै निरोगी हुने र आत्मनिर्भर बन्ने बताउनुभयो ।

उहाँले नगरपालिकाले स्वास्थ्य उपचार सेवालाई प्राथमिकतामा राखेको चर्चा गर्दै ख्वप अस्पतालमार्फत गरिब कामदार जनताको सहज उपचार गराइरहेको प्रस्ट पार्नुभयो ।

पुरूषहरूको तुलनामा



महिलाहरूलाई ४३ वटाभन्दा बढी रोग लाग्ने चिकित्सकहरूको भनाइ उद्धृत गर्दै उपप्रमुख जोशीले नियमित स्वास्थ्य परीक्षण गरी चिकित्सकको सल्लाहमा औषधि सेवन गर्न सबैमा अनुरोध गर्नुभयो ।

वडाध्यक्ष रवीन्द्र ज्याख्वले नगरपालिकाले सबै जनताको स्वास्थ्य अवस्थाबारे जानकारी लिन हेल्थ प्रोफाइल तयार गरिरहेको बताउनुभयो ।

कार्यपालिका सदस्य छोरीमैया सुजखूले शिविरको महत्त्वबारे प्रस्ट पार्दै महिलाहरूले पाठेघर परीक्षण नियमित रूपमा गर्नुपर्ने र रोग लागेमा आत्तिनेभन्दा पनि मनोबल बलियो बनाई उपचारमा लाग्नुपर्ने सुझाव दिनुभयो ।

नर्स रचना सुवालले भीआईए टेस्ट महिलाहरूको पाठेघर क्यान्सर परीक्षणको लागि प्रभावकारी रहेको र यसले १० वर्षपछि क्यान्सर हुनसक्ने भएमा त्यसको समेत सङ्केत देखाउने भएकोले सबै महिलाहरूले परीक्षण गर्न अनुरोध गर्नुभयो ।

वडा सदस्य इन्द्रबहादुर प्याथले स्वागत गर्नुभएको उक्त शिविरमा जम्मा १५४ जना महिलाहरूले पाठेघर तथा स्तनको परीक्षण गरेको बताइएको छ । परीक्षणमा समस्या देखिएका केही महिलाहरूलाई तुरुन्त अस्पतालमा थप स्वास्थ्य परीक्षण गरी चिकित्सकको सल्लाह लिन सुझाव दिइएको शिविरमा संलग्न स्वास्थ्यकर्मीले बताउनुभयो ।

# चाँगुनारायणमा महिला भेला




भक्तपुर, २७ मङ्सिर । नेपाल क्रान्तिकारी महिला सङ्घ चाँगुनारायण नगर समितिको आयोजनामा नगरस्तरीय महिला भेला शनिबार भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजुले समाजमा रहेका अन्धविश्वास, जातभात, भूतप्रेत, धामी-झाक्री, बोक्सी, छुवाछुत, जातिभेद, लिङ्गभेद, सामाजिक भेदजस्ता रूढीवादी कुरीति, कुसंस्कार र सामन्ती संस्कारबाट टाढा रही वैज्ञानिक र प्रगतिशील विचारतर्फ लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

विश्वको इतिहास, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, पार्टी विधान र कार्यक्रम अध्ययन गरी कार्यकर्ताहरू योग्य र व्यवहारिक हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "महिलाको विद्यमान समस्याको समाधान पुँजीवादी व्यवस्थाले गर्न नसकिने र समाजवादी व्यवस्थाले मात्र गर्न सकिने भएकोले समाजवादी व्यवस्था स्थापनाको लागि महिलाहरू सचेत, सङ्गठित र सङ्घर्षशील भई समाजवादी गणतन्त्र प्रचार अभियानमा लाग्नु जरूरी छ ।

नेक्रामहिला सङ्घ, जिल्ला समिति भक्तपुरका अनिता जधारीले एमसीसी परियोजना देश र जनताको हितमा नभएको हुँदा नेमकिपालगायत नेक्रामहिला सङ्घले सडक र संसद्मा सङ्घर्ष गरिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घ चाँगुनारायण नगर समितिका उपाध्यक्ष गीता काप्लेको सभापतित्वमा भएको उक्त कार्यक्रममा कमला भारती गिरीले भूमिसुधार कार्यक्रमलाई नेमकिपाले भाग लिएकै कारण भक्तपुरका किसानहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन आएको बताउनुभयो ।

# गण्डकीमा मानसिक अस्पतालको अभाव

गण्डकी, २७ मङ्सिर । गण्डकी प्रदेशमा मनोसामाजिक समस्या भएका बिरामीको सङ्ख्या दिनानुदिन बढ्दै गएपनि उक्त रोगको निदान तथा औषधोपचारका लागि विशिष्टिकृत र सुविधायुक्त अस्पतालको अभाव छ ।

अन्य अस्पतालमा पनि दरबन्दीअनुसार मानसिक रोगका विशेषज्ञ चिकित्सक नहुँदा उपचार सेवा प्राप्त गर्न कठिनाइ छ । मानसिक समस्याबाट गुज्रिरहेका दूरदराजका बिरामी महँगो खर्चमा काठमाडौँका अस्पतालमा पुग्न बाध्य छन् । गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकका अनुसार गण्डकी प्रदेशमा हालसम्म मानसिक अस्पताल छैन ।

प्रदेशको स्वास्थ्य मन्त्रालयले पोखरामा विशिष्टिकृत अस्पताल सरहको मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र निर्माणका लागि पहल गरेपनि त्यसले सार्थकता पाइनसकेको उहाँको भनाइ छ । स्वास्थ्य मन्त्रालय र जिल्ला समन्वय समिति, कास्की मिलेर उक्त केन्द्र निर्माणका लागि गत वर्षदेखि छलफल हुँदै आएको थियो ।

स्वास्थ्यमन्त्री पाठकले मानसिक स्वास्थ्य समस्या विकराल बन्दै गएकाले प्रदेशस्तरमा सुविधायुक्त मानसिक अस्पताल आवश्यकता औँल्याउनुभयो । उहाँका अनुसार गण्डकी प्रदेशमा मानसिक स्वास्थ्य समस्याकै कारण औसतमा दैनिक दुई जनाले आत्महत्या गर्ने गरेको आँकडाले देखाएको छ ।

मन्त्रालयले मानसिक रोगको निदान, परामर्श, उपचारलगायतमा गुणस्तरीय सेवा प्रदान गर्ने गरी मानसिक स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापनाका लागि पहल अगाडि बढाएको थियो । पोखराको सिर्जनाचोकमा रहेको जिल्ला समन्वय समितिको जग्गामा उक्त केन्द्र निर्माण गर्ने गरी विभिन्न चरणमा छलफल भएको मन्त्री पाठकले बताउनुभयो ।

गत वर्ष नै सङ्घ सरकारको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव, प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयका सचिव, महानिर्देशक, महाशाखा प्रमुख, जिल्ला समन्वय समितिका प्रमुखलगायतको बैठकले केन्द्र निर्माणका लागि आवश्यक सबै तयारी र पहल अगाडि बढाउने निर्णय गरेको थियो ।

***ख्वप...***

स्वदेशमै बसी जिम्मेवार भएर देश र जनताको लागि काम गर्नुपर्ने आवश्यकता प्रदेश सभासद् गोसाईले औँल्याउनुभयो ।

नेपाल इन्जिनियरिङ परिषद्का अध्यक्ष प्रा.डा. पद्मबहादुर शाहीले नेपाल इन्जिनियरिङ परिषद्ले गुणस्तरीय इन्जिनियरिङ शिक्षाको लागि कार्य गर्दै आएको बताउँदै इन्जिनियर भई संसारकै सेवा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

"विश्वविद्यालयको पाठ्यक्रमबाट मात्र होइन जीवनको हरेक क्षणमा निरन्तर हामी केही सिकिरहेका हुन्छौँ । विद्यार्थीहरूले आफ्नो काममा निरन्तर इमानदार भई कार्य गर्नुपर्ने र आफूमा अन्तरनिहित क्षमता विकास गर्नु जरूरी छ", शाहीले भन्नुभयो ।

पूर्वाञ्चल विश्वविद्यालय, इन्जिनियरिङ सङ्कायका डीन प्रा.डा. भोलानाथ शर्मा घिमिरेले कडा मेहेनत नै गन्तव्यमा पुग्ने सूत्र भएको र आफ्नो बलबुट्टामा आफै आत्मनिर्भर बन्न सकेमा अरूको हेला-होचोमा पर्न नपर्ने बताउनुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य ई. सुजन माकेले विद्यार्थीको दक्ष र योग्य इन्जिनियर बन्ने सपना पूरा गर्न सम्पूर्ण कलेज परिवार एकताबद्ध भएर लाग्नुपर्ने बताउनुभयो । देश र जनताको सेवा गर्ने योग्य इन्जिनियर तयार गर्नु नै कलेजको उद्देश्य भएको प्राचार्य माकेले उल्लेख गर्नुभयो ।

ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य ई. सुनिल दुवालले विद्यार्थीहरू कलेजमा अध्ययनरत रहँदा तथा अध्ययनपश्चात् सधैँ साथ र सहयोग रहने बताउँदै ख्वपको भावना अनुसार इमानदार र नैतिकवान् भएर सेवा गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँले स्वागत गर्नुभयो भने कार्यक्रमको महत्त्वमाथि प्रशासन शाखा प्रमुख सन्जय मानन्धरले प्रकाश पार्नुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका उत्कृष्ट विद्यार्थी ई. सुमिना अवा र ख्वप कलेज अफ इन्जिनियरिङका ई. स्वर्णिम आगन्जाले कलेजमा अध्ययन गर्दाको आ-आफ्नो अनुभव सुनाउनुभयो ।

कार्यक्रममा २०८२ सालमा दुवै कलेजमा भर्ना भएका नयाँ विद्यार्थीहरूको स्वागत तथा चारवर्षे इन्जिनियरिङ, पाँचवर्षे आर्किटेक्ट र दुईवर्षे स्नातकोत्तर इन्जिनियरिङ उत्तीर्ण विद्यार्थीहरूलाई मायाको चिनो प्रदान गरिएको थियो ।

। सम्पादकीय ।

# राजनीति गरेर देश र जनताको सेवा गर्नुपर्छ

राजनीति राज्यको शासन व्यवस्थासम्बन्धी नीति हो । यो राज्य र प्रशासनसँग सम्बन्धित एक सामाजिक सिद्धान्त पनि हो । जनताको शान्ति सुरक्षा कायम गर्ने, मौलिक अधिकारको कदर गर्ने, राज्यको शासन व्यवस्थाको प्रणाली निर्धारण गर्ने र यस्तै अन्य कार्य गर्ने नीति राजनीति हो । राजनीति देश र जनतासित सम्बन्धित हुने हुँदा राजनीति गर्नु हुँदैन भन्ने कुरा होइन । मजदुर, किसान, महिला, युवा, विद्यार्थी, शिक्षक, कर्मचारी, बुद्धिजीवी, विभिन्न पेसामा आबद्ध व्यक्ति प्रहरी, सेना सबैले राजनीतिप्रति चासो राख्नुपर्छ । के देशका नागरिकहरूले देश र जनताप्रति चासो राख्नु हुँदैन ? चिन्ता लिनु हुँदैन ? कुनै देशले नेपालमा आक्रमण गरे देशभरका सबै नेपाली मिलेर प्रतिकार गर्नुपर्ने हुन्छ; भूमि मिचेमा एकै स्वरमा विरोध गर्नुपर्ने हुन्छ । विदेशी थिचोमिचो, अतिक्रमणको विरोध गर्नु पनि राजनीति हो । भदौ २३ गते जेन-जीहरूको  आन्दोलन भयो; ठुलो धनजनको क्षति भयो । त्यो आन्दोलन कति सही या गलत टिप्पणी गर्न पाइन्छ । विध्वंस राजनीतिको विरोध गर्नुपर्छ; अन्यायको विरोध गर्नुपर्छ । विध्वंस र अन्यायको विरोध गर्ने काम राजनीतिक नेता तथा कार्यकर्ताको मात्र होइन; सबै नेपाली नागरिकको पनि हो ।

निर्वाचनमा आफूलाई मनपरेको दलका उम्मेदवारलाई मतदान गर्नु राजनीति हो । मौलिक र राजनीतिक अधिकार हुनुपर्छ भन्नु राजनीति हो । जनताका समस्यालाई लिएर सत्तारुढ दलको ध्यानाकर्षण गर्नु, विरोध प्रदर्शन गर्नु राजनीति हो । आ-आफ्नो दलको सिद्धान्त र विचार जनतामाझ पुऱ्याउनु राजनीति हो । कुनै दलले निर्वाचनमा बहिष्कार गर्नु पनि राजनीति हो । प्रहरी र सेनाले जनताको शान्ति सुरक्षा कायम गर्नु पनि राजनीतिभित्रै पर्छ । सत्तारुढ दलले देश र जनताविरोधी काम गर्छ भने शिक्षक र कर्मचारी भनेर मौन बस्नु हुँदैन । कुनै वस्तुको महँगो भयो, अभाव भयो, लामो समयसम्म कर्मचारी, शिक्षक, सुरक्षाकर्मीले तलब पाएनन् भने सरकारको खबरदारी या ध्यानकर्षण गर्ने कि नगर्ने ? आफूलाई परेको पीडा पोख्ने बित्तिकै राजनीति गरेको ठान्नु के गलत हुन्छ ? राजनीति गर्नु हुन्न भन्नु पनि राजनीति  हो ।

राजनीति शासक दल, ठुलाबडा सामन्त, पुँजीपति, जालीफटाहा, विचौलिया, अपराधी भ्रष्टाचारी, कमिसनखोर, कालाबजारीले गर्न पाउने अनि अरुले गर्न नपाउने भन्ने होइन । राजनीति त इमानदार, नि:स्वार्थी, असल व्यक्तिहरूले गर्नुपर्छ । राजनीतिको नाउँमा गलत राजनीति गर्ने, भ्रम फैलाउने, झूटको खेती गर्ने, श्रमजीवी वर्गमाथि शोषण, दमन गर्नेहरूको विरोधमा बोल्नुपर्छ । जसले जे गरे पनि सहेर बस्ने धृष्टता गर्नु उचित होइन । खराबको विरोध गर्नैपर्छ । कसैले खराबको विरोध गर्दैन भने असल समाज कसरी बन्छ ? समाजमा अपराधीहरूलाई छुट दिँदै गयो भने, उनीहरूको राज भयो भने समाजको स्थिति के हुन्छ ? त्यस्तो समाजमा शान्ति र सुरक्षा कसरी हुन्छ ? त्यसकारण, हरेक नागरिकहरू राजनीतिबाट अलग्ग हुन  सकिँदैन ।

शिक्षक र कर्मचारीले राजनीति गर्नु हुँदैन भन्ने कुरा बेला बखत सरकारी शिक्षा मन्त्रीहरू खोक्छन् । उनीहरू शिक्षक र कर्मचारीले राजनीति गरेको पाइएमा तुरुन्तै कारबाही गर्ने चेतावनी दिन्छन् । जबकि मन्त्रालयका सचिव तथा उच्चस्तरीय तहका व्यक्तिहरू शासक दलका नेताहरूलाई घुमाउँछन्; गलत सल्लाह सुझाव दिएर देशघाती र जनघाती काम गराउन अग्रसर हुन्छन् । के यो राजनीति होइन ? यस अर्थमा राजनीति गर्नु गलत होइन । राजनीतिको नाउँमा झूटको खेती पो गर्नु हुँदैन । जालझेलको राजनीति पो गर्नु हुँदैन । यस्तै झूटको राजनीतिले गर्दा निर्वाचनमा दलहरूको मत र जनप्रतिनिधिहरूको सङ्ख्यामा धेरै अदलबदल भइरहेको हो । पहिलो दल तेस्रो दलमा झरेको  हो ।

शासकहरूलाई सही ठाउँमा ल्याउनको लागि राजनीति गर्नुपर्छ । विध्वंस मच्चाउने अराजक र उच्छृङ्खल तत्त्वहरूको विरोध गर्न राजनीति गर्नुपर्छ । देश जोगाउन र बनाउन राजनीति गर्नुपर्छ । श्रमिकवर्गको निम्ति श्रमिकवर्गको सरकार बनाउन राजनीति गर्नुपर्छ । देशको स्वाधीनता र सार्वभौमिकता सधैँ कायम राख्न राजनीति गर्नुपर्छ । राजनीति व्यक्तिगत र दलगत स्वार्थ पूरा गर्न होइन नेपाल र नेपालीको हितमा गर्नुपर्छ । नेपाललाई संसारमा चिनाउन राजनीति गर्नुपर्छ । राजनीति देश र जनतासित सम्बन्धित हुन्छ । अत: राजनीति गर्नुहुँदैन भन्ने कुरा होइन राजनीति गरेर देश र जनताको सेवा गर्नुपर्छ ।

# भुइँ मान्छेको अधिकार हो : मानव अधिकार



रामप्रसाद प्रजापति

**पछिल्लो एक दशकमा नेपालमा मानव अधिकार उल्लङ्घन लगातार बढेको तथ्याङ्कले देखाएको छ । जस्तो हिरासत तथा बन्दीगृहमा यातना तथा दुर्व्यवहार, अमानवीय व्यवहार र मृत्यु, जबरजस्ती निष्कासन अर्थात् आवासको अधिकारको उल्लङ्घन, लैङ्गिक हिंसा र बाल अधिकार उल्लङ्घन, जातीय भेदभाव, सामाजिक असमानता, मानव बेचबिखन, अभिव्यक्ति स्वतन्त्रतामाथि दमन र प्रहरी तथा सुरक्षाकर्मीहरूद्वारा भएका अत्याचारहरू जस्तै गैरकानुनी पक्राउ, हिरासतमा अवैध रूपमा राख्ने, कानुनी प्रक्रिया नपुऱ्याउने, २४ घण्टाभित्र अदालत वा मुद्दा हेर्ने**

**सन्दर्भ : मानव अधिकार दिवस**

१० डिसेम्बरलाई अन्तर्राष्ट्रिय मानव अधिकार दिवस संसारभर विभिन्न गतिविधि गरेर मनाउने चलन छ ।

दुई वटा विश्वयुद्धले ल्याएको मानवीय पीडा, मानव अधिकारको सुनिश्चितताका लागि आवश्यक कानुन र उत्तरदायी बनाउने माध्यमहरूको अभाव रहेको परिवेशमा सन् १९४७ डिसेम्बर १० का दिन फ्रान्सको पेरिसमा भएको संयुक्त राष्ट्र सङ्घको महासभाले 'विश्वव्यापी मानव अधिकारसम्बन्धी घोषणापत्र १९४८' जारी गरेको हो ।

युद्ध, हिंसा, अत्याचारका भयावह परिणाम देखेपछि विश्वले एकै स्वरमा मानव अधिकारलाई वैश्विक, सार्वभौम र अपरिहार्य बनाउने निर्णय गरेको देखिन्छ ।

मूलत: दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) को दौरान करोडौं मानिसको ज्यान गयो । जातीय नरसंहारमा लाखौँ यहुदी र अन्य समूहका मानिसहरूको हत्या गरियो ।

युद्ध, यातना, दासत्व, बलात्कार, बमबारी, अनाहकको बन्दीकरण आदि मानवताविरुद्धका गतिविधि निकै पीडादायी बन्यो । मानव अधिकार विश्वव्यापी रूपमा सुनिश्चित गर्न नसके अन्याय र अत्याचार दोहोरिरहने डर बढ्दै थियो ।

सारमा, मानिसले आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितता नै मानव अधिकार भएको हुँदा विश्वव्यापी मानव अधिकारलाई साझा सिद्धान्त मानियो । तर, अहिले पनि संयुक्त राज्य अमेरिकाले आफ्नो हतियारको व्यापार र संसारमा आफ्नो दबदबा कायम राख्न विश्वका विभिन्न भागमा युद्धजन्य गतिविधि गर्दै विश्व आतङ्क फैलाइरहेको छ । इजरायली सरकारले संरा अमेरिकाको समर्थनमा स्वतन्त्र प्यालेस्टिनमाथि बर्बर आक्रमण गरी बालबालिका, गर्भवती महिला तथा निहत्था नागरिकको नरसंहार गरिरहेको छ ।

संरा अमेरिकाले कोरिया युद्धको अन्त्यको घोषणा हुन दिएको छैन । युक्रेन र रुसबिचको युद्धले संसारभर आतङ्क, भय र अस्थिरताको सृजना गरेको छ । क्युवालाई अमानवीय रूपमा नाकाबन्दी गरिएको छ ।

सुरुमा महासभामा सहभागी ४८ देशले समर्थन गरेको र ८ देश तटस्थ बसेको भएपछि हालसम्म संयुक्त राष्ट्र सङ्घका सबै सदस्य राष्ट्र १९३ देशले स्वीकार गरेको छ ।

**मानव अधिकारको हनन्मा राज्य**

नेपालले पनि घोषणापत्रलाई नेपाल कानुन सरह मान्यता दिने गरी स्वीकार/मान्यता प्रदान गरेको अवस्था विद्यमान छ ।

मानव अधिकार जन्मसिद्ध अधिकार हो । यो संसारभरका सबै मानिसका लागि एउटै किसिमले लागु हुन्छ । कुनै पनि कारणले मानव अधिकार खोस्न नपाइने गरी संविधान र कानुनले संरक्षण र सुनिश्चित गरेको हुन्छ ।

वास्तवमा मानिसको जीवनको अधिकार नै मानव अधिकार हो । नागरिकहरूको स्वतन्त्रता र समानताको अधिकार, न्यायिक उपचार पाउने अधिकार, विचार र अभिव्यक्तिको अधिकार, शिक्षा, स्वास्थ्य उपचार र रोजगारको अधिकार, आत्मसम्मानपूर्वक बाँच्न पाउने अधिकार, यातना र क्रूर तथा अमानवीय व्यवहारबाट मुक्त हुने अधिकार, वैयक्तिक गोपनीयताको अधिकार, राजनीतिक गतिविधिमा सहभागिताको अधिकार मानव अधिकारका महत्त्वपूर्ण एवं आधारभूत उदाहरणहरू हुन् ।

नेपालको संविधान २०७२ ले पनि भाग ३ मा मौलिक हकहरू, न्यायिक उपचारको हक, समानता, भेदभाव र छुवाछुतविरुद्धको अधिकार, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजातिलगायतका कमजोर, फरक विशेषता र अल्पसङ्ख्यक नागरिकहरूका लागि विशेष अधिकारको बन्दोबस्त गरिएको पाइन्छ ।

त्यस्तै नि:शुल्क शिक्षा, स्वास्थ्य उपचारको बन्दोबस्त सबै नेपाली नागरिकले पाउने सुनिश्चितता गरिने संवैधानिक मौलिक हक भए तापनि 'कानुनबमोजिम हुनेछ' भनिएकोले ३ वर्ष लगाएर बनाएको नि:शुल्क शिक्षा, स्वास्थ्य उपचारका ऐनहरूमा नाम मात्रको मौलिक अधिकार कार्यान्वयन गर्न बनेको कानुन निर्माण भएको अवस्था छ । व्यवहारमा लागु छैन । यो पनि राज्यको एक प्रकारको मानव अधिकारको हनन् हो ।

Informal Sector Service Center (INSEC) को पछिल्लो एक दशकमा नेपालमा मानव अधिकार उल्लङ्घन लगातार बढेको तथ्याङ्कले देखाएको छ । जस्तो हिरासत तथा बन्दीगृहमा यातना तथा दुर्व्यवहार, अमानवीय व्यवहार र मृत्यु, जबरजस्ती निष्कासन अर्थात् आवासको अधिकारको उल्लङ्घन, लैङ्गिक हिंसा र बाल अधिकार उल्लङ्घन, जातीय भेदभाव, सामाजिक असमानता, मानव बेचबिखन, अभिव्यक्ति स्वतन्त्रतामाथि दमन र प्रहरी तथा सुरक्षाकर्मीहरूद्वारा भएका अत्याचारहरू जस्तै गैरकानुनी पक्राउ, हिरासतमा अवैध रूपमा राख्ने, कानुनी प्रक्रिया नपुऱ्याउने, २४ घण्टाभित्र अदालत वा मुद्दा हेर्ने अधिकारी समक्ष प्रस्तुत नगर्ने, साबिति बयानका लागि दबाब सृजना गर्ने आदि ।

सो तथ्याङ्कले नेपालमा कानुन र संरचना भएका क्षेत्रहरूमा पनि राज्य र सरकारको जवाफदेहिता प्रभावकारी नभएको देखाउँछ ।

यसका साथै यो दशक कृषिप्रधान देश नेपालमा कुनै पनि वर्ष सहुलियत दरमा किसानहरूले समयमै रासायनिक मल पाउन सकेनन् । १०/१५ किलो मल पाउन रातभर लाइन बस्न बाध्य भएका छन् ।

युवाहरूले रोजगारी नपाउने, रोजगार स्थलमा उच्च जोखिम भोग्न बाध्य हुनुपर्ने, लाखौँ लाख युवाहरू परिवार र देश छोडेर वैदेशिक रोजगारीमा जान बाध्य हुनुपर्ने, वैदेशिक रोजगारमा गएका दर्जनौँ युवाहरूको लाश दैनिकजसो नेपाल आउने अवस्थाले मानव अधिकारको स्थिति अझ निकै गम्भीर रहेको पुष्टि हुन्छ ।

**मानव अधिकारको हनन् मानवताविरुद्धको अपराध**

मानव अधिकार हनन् व्यक्ति, सङ्घसंस्था, कम्पनी, व्यापारी व्यवसायीले मात्रै होइन, राज्य र राज्य संयन्त्रका विभिन्न तहबाट हुने गरेको पाइन्छ ।

केही हप्ताअघि एक जना ज्येष्ठ नागरिकले आफूले पाउँदै आएको सामाजिक सुरक्षा भत्ता पाउन वडा कार्यालयका सचिवले राष्ट्रिय परिचयपत्रबिना दिन नसकिने बताएपछि परिवार र छिमेकीहरूले दिनभर लगाएर बोकेर जिल्ला प्रशासन कार्यालय ल्याउन परेको घटना सार्वजनिक भयो । भर्खरै केही दिनअघि 'राज्यले न्याय दिन नसकेपछि बाबु छोरीले ज्यान गुमाउन बाध्य' भएको समाचार सार्वजनिक भयो ।

उक्त समाचार प्रकाशित भएलगत्तै गृहमन्त्री र प्रधानमन्त्रीले राजिनामा दिनुपर्ने हो । तर नेपालमा मानवअधिकारको अवस्था सत्तामा पुगेका पुँजीपति वर्गका प्रतिनिधिहरूले बुझेर पनि बुझ पचाउँदै आउने गरेका छन् ।

घटना बर्दियाकी अञ्जु थारुको हो । अञ्जु ८ वर्षअघि छिमेकी गाउँका अनिल थारुसँग प्रेम सम्बन्धबाट गर्भवती भई । पञ्चायत बस्यो । अनिलले अञ्जुलाई विवाह गरे ।

छोरीको जन्मपछि खटपट भएकोले अञ्जु माइतमा बसिन् । अनिलले वास्ता नगरेपछि २०७६ माघ ८ मा बर्दिया जिल्ला अदालतमा अंश माग गर्दै मुद्दा गरिन् । मुद्दा अञ्जुले जितिन् । जिल्ला अदालतको फैसलाबमोजिम अञ्जुले अनिलबाट अंश पाउने ठहर भयो ।

तर, अंश छुट्याई लिन अञ्जुले नागरिकता र नाबालक छोरीको जन्मदर्ता पाइसकेको थिएन । नागरिकता र जन्मदर्ताका लागि अञ्जु र अञ्जुका बुबा कान्छा थारु वडा कार्यालय, जिल्ला प्रशासन कार्यालय धाउन थाले । तर, जिल्ला प्रशासन र वडाले अञ्जुले अंश पाउने फैसला भएको तर नागरिकता नपाउने अडान लिए ।

नागरिकता नहुँदा वडाले नाबालक छोरीको जन्म दर्ता पनि गरिदिएन । अन्तत: अञ्जुले घरमै आत्महत्या गरिन् । त्यसको केही दिनपछि अञ्जुका बाबु कान्छा थारुले पनि आत्महत्या गरे ।

राज्य र सम्बन्धित निकायले नागरिकता र जन्मदर्ता प्रमाणपत्र पाउनका लागि समयमै सामान्य उपाय, मार्गप्रशस्त गरिदिन नसक्दा दुई नेपाली नागरिकले अनाहकमा ज्यान गुमाए । परिवारका सदस्य र नाबालिग छोरी अलपत्र परे ।

यसबाट के स्पष्ट हुन्छ भने पुँजीवादी बन्दोबस्त रहेका नेपाल, भारत, बङ्गलादेशजस्ता देशहरूमा गरिब काम गरिखाने वर्गका किसान मजदुरहरूका लागि मानव अधिकार आकासको फल आँखा तरी मर भनेझैँ भएको देखिन्छ ।

**मानवअधिकार भुइँमान्छेको अधिकार**

गरिबका लागि न्याय पनि महँगो, धनीमानीका लागि सर्वसुलभ देखिन्छ । जस्तो कि वर्तमान कार्की सरकारले केही हप्ताअघि डोल्मा इम्प्याक्ट नामक एउटा कम्पनीलाई करोडौंको कर छुट दिई उन्मुक्ति दियो । तर, गरिब किसानले समयमा सहुलियत मल पाउन सक्दैनन् । रोजगारी पाउन दलाल म्यानपावर कम्पनीलाई दस्तुर सँगै मोटो रकम बुझाउन जनता बाध्य छन् ।

भाटभटेनी, चौधरी ग्रुपजस्ता अरबपतिहरूले कर तिर्न ढिलाइ गर्न सरकारी निकायहरूकै मिलेमतोमा मुद्दामाथि मुद्दा गर्दै गरेको देखिन्छ ।

सर्वसाधारण जनताका आधारभूत आवश्यकताका कुराहरू सडक, खानेपानी, गुणस्तरीय शिक्षा, व्यक्तित्व विकासमा समान अवसर एक देशको कथाझैँ छ ।

त्यसैले मानव अधिकारको आँखाले हेर्दा धनीका लागि त आफै वा आफ्ना आउरेबाउरे छँदै छन्, व्यापक गरिब जनताका लागि मानव अधिकारको खाँचो छ ।

मानव अधिकार भुइँ मान्छेको अधिकार हो । गरिबको गाँस, बास, कपासको अधिकार मानव अधिकार हो ।

व्यापक गरिब जनतालाई शोषण गर्ने मुठीभरका पुँजीपतिहरूको पेवा कदापि होइन । व्यापक काम गरिखाने जनता सचेत र सङ्गठित भएर मानिस आफै मान्छे भएर बाँच्न लायक शोषणरहित समाजवादी समाज निर्माण गर्न निरन्तर सङ्घर्ष गर्नु जरुरी छ ।

*२०८२ मङ्सिर २१*

# जारशाही संसद्मा बोल्शेभिक सांसद – ४०

● ए. बादायेभ

**खण्ड तीन**
**विश्वयुद्ध**
**पाठ २२**
**विश्वयुद्धको थालनी**

युद्धको घोषणा । सेना परिचालनको बेला मजदुर प्रदर्शनहरू । संसद्को घोषणा । युद्ध ऋणमा मत दिन अस्वीकार । युद्धको थालनीमा पार्टी गतिविधिको अवस्था । सेन्ट पिटर्सबर्ग समितिको पहिलो युद्धविरोधी उद्घोष । गुप्त प्रहरीको छापा । रुसको छातीमा यात्रा ।

बाकुको हडताल र सेन्ट पिटर्सबर्गका जुलाई प्रदर्शनहरू युद्ध सुरु हुनुभन्दा अगाडिका अन्तिम ठुला क्रान्तिकारी घटना थिए । यी सङ्घर्षहरूले गर्दा मजदुरहरूबिच धेरैजना पीडित बन्नुपर्‍यो । जनआन्दोलन छेकबारयुक्त लडाइँ र सशस्त्र भीडन्तमा विकसित भयो । जारशाही सरकारले उठ्दो क्रान्तिकारीलाई दबाउन कुनै कसर बाँकी राखेन । लगातार तालाबन्दी गर्दा मजदुरहरूको आर्थिक अवस्था खस्कियो । त्यसमाथि सामूहिक धरपकड र निर्वासन चलानले गर्दा मजदुर वर्गको राजनीतिक सङ्गठन कमजोर बन्यो । यसबाट माथि उठ्न र जारशाहीमाथि अर्को ताजा आघात पार्नेगरी शक्ति आर्जन गर्न सर्वहारा जनतालाई निश्चित समय चाहिन्थ्यो । तर, मजदुरहरूलाई यो फुर्सद नै दिइएन । बरु यसपछिको घटनाक्रम क्रान्तिकारी आन्दोलनको ठुलो बज्रपात बन्यो ।

युद्धको घोषणा प्रतिक्रियावादी शक्तिको अन्धयुगको सङ्केत थियो । उनीहरूले मजदुर आन्दोलनमाथिको आक्रमण दोब्बर पारे । बडाराष्ट्र अहङ्कारको प्रलाप र कृत्रिम अन्धराष्ट्रवादको जगजगीबिच जारशाही सरकारले मजदुर वर्गका कानुनी र गैरकानुनी गरी सम्पूर्ण सङ्घसङ्गठनलाई बर्बतारपूर्वक दबायो ।

भन्नलाई त अस्ट्रिया र सर्बियाबिचको झगडाले गर्दा युद्ध भएको भनियो । तर, यो साम्राज्यवादी डाँकाहरूबिचको राक्षसी हानथाप थियो । नयाँ बजारको लागि तिनीहरू एकअर्काको घाँटी काट्न तम्सिएका थिए । युद्धले पुँजीपति वर्गलाई विदेशमा लुटपाटका लागि ताजा भूमि पाउने र स्वदेशमा युद्धमय माहोलमा अकूत धन थुपार्ने सम्भावनाको ढोका खोलिदियो । सबै देशका पुँजीपतिहरूले युद्धलाई खुसीसाथ स्वागत गरे । उनीहरूले आफ्नो लुटपाट गर्ने कपटी लोभलाई राष्ट्रवादी आदर्शको पातलो खोलले ढाकछोप गरे । रुसी पुँजीपति वर्ग पनि यस मानेमा अरूभन्दा फरक देखिएन । यसअघि उनीहरूले उदारवाद र विपक्षी राजनीतिको खेल खेलिरहे । तर, अब साम्राज्यवादी महत्त्वाकाङ्क्षा बढेसँगै उनीहरू हत्तपत्त घुँडा टेकिहाले र जारशाही झन्डामुनि पूर्णतः बफादार रहने किरिया खाए । रुसको पुँजीपति वर्गले जनतामाथि निर्मम दमन गर्ने रोमानोभ राजवंशको निरङ्कुशतन्त्र र त्यसको रक्तपिपासु प्रहरीराजलाई अकस्मात प्रसियाका युङ्कर (धनी जमिनदार) र जर्मन सैन्यवादबाट प्रजातन्त्र र साना राष्ट्रहरूलाई जोगाउने रक्षक पायो ।

सेन्ट पिटर्सबर्गका सडकहरूमा देशभक्तिपूर्ण प्रदर्शनहरू भए । घरका चौकीदार, प्रहरी, गुप्त प्रहरीसँगै अनेकवली फटाहाहरू सडकमा उत्रे । राजा र राष्ट्रिय झन्डा बोकेका उनीहरूले ‘ईश्वरले राजाको रक्षा गरुन्’ बोलको गीत गाइरहे । बिचबिचमा उनीहरू ‘हुर्रा-हुर्रा’ भन्दै हर्षध्वनि कुर्लिन्थे । ‘कानुन र सुव्यवस्था’ पालन गराउने शक्तिको सुरक्षामा प्रदर्शनकारीहरू सन्किन्थे र बाटो छेउमा बसेका व्यक्तिका टोपी फालिदिन्थे, देशभक्तिमा पर्याप्त उत्साह नदेखाउने कुनै पनि नागरिकलाई कुटपिट गर्थे । यसप्रकारका कुनै पनि प्रदर्शनलाई जुनसुकै बेला रुसी नरसंहारकारी भीडमा बदल्न सकिन्थ्यो । सेन्ट पिटर्सबर्गमा ‘देशभक्तहरू’ ले जर्मन दूतावास भवनका झ्यालहरू फुटाइदिए । मस्कोमा उनीहरूले अनेक जर्मन व्यापारिक र औद्योगिक संस्थानमाथि पटकपटक आक्रमण गरे ।

‘देशभक्तहरू’ ले राजदरबारसामु भक्तिभावमा घुँडा टेके । बिचबिचमा उनीहरूले ‘देशभक्तिपूर्ण’ नरसंहार मच्चाउन थाले । आफ्नो ‘वामपन्थी’ परम्परामा गर्व गर्ने विद्यार्थीहरूले समेत शीतल दरबारसामु घुँडा टेके । उनीहरू ‘जय नरेश’ को नारा लगाए र आफ्ना ‘प्यारा’ अधिराजकहाँ देउसी खेल्न गए ।

बडा राष्ट्र अहङ्कारवादको लहरले देशलाई सर्लक्कै छोप्यो । यही मौकामा जारशाही प्रहरीले पुराना ‘आन्तरिक शत्रु’’ सँग हिसाब-किताब मिलाउन तँछाड-मछाड गर्‍यो । उसका ‘आन्तरिक शत्रु’ थियो रुसका सर्वहारा जनताको सबैभन्दा सचेत तप्का । एक धर्सो हस्ताक्षरबाटै उसले बचेखुचेका मजदुर सङ्घसङ्गठनलाई दबायो । साइबेरिया (कालापानी) मा पुनः निर्वासितहरूको भीड लाग्यो । पार्टी सङ्गठनले आफ्ना धेरैजना अब्बल कार्यकर्ता गुमायो । पुँजीपतिहरूले अलि समयदेखि विश्वयुद्धको तयारी गर्दै थिए । तर, मजदुर वर्ग यसको लागि तयार थिएन । अझ युद्ध हुनुभन्दा ठिक अघि जारशाही शक्तिसँगको गम्भीर मुठभेडमा मजदुर वर्ग परास्त भएको थियो । यति नै बेला घटनाको वास्तविक महत्त्व नबुझेका अचेत मजदुरहरूको एउटा तप्का व्यापक प्रचार गरिएको देशभक्तिको विषले थला पर्‍यो । यस्तो स्थितिमा रुसका सर्वहारा जनताले युद्धको बौलाहट र प्रक्रियावादविरुद्ध सर्वत्र सङ्गठित प्रतिकार गर्ने कल्पना गर्न पनि गाह्रो थियो ।

यस्ता यावत अड्चन हुँदाहुँदै पनि युद्धका सुरुआती दिनहरूमा सेन्ट पिटर्सबर्गमा केही युद्धविरोधी गतिविधि भए । सरकारले सेना परिचालन गरेको केही दिनमै सेन्टपिटर्सबर्ग समितिले पहिलो युद्धविरोधी वक्तव्य जारी गर्‍यो । त्यसमा लेखिएको थियो –“एउटा रक्तपिपासु भूतले युरोपलाई सताइरहेको छ । युद्ध मूर्दावाद ! युद्धविरुद्ध युद्ध छेडौँ ! यी शब्दहरू रुसका प्रत्येक गाउँ र सहरमा गुञ्जिनुपर्छ ।” मजदुर, किसान र सिपाहीलाई पार्टीको अपिल यही थियो । पार्टीले भन्यो, “मजदुरहरूले सीमामा आइपुगेका मजदुरहरू तिनका शत्रु होइनन् भनी बुझ्नुपर्छ । संसारभरिका मजदुरहरू धनीमानी र शासक वर्गबाट उत्पीडित छन् । तिनलाई सर्वत्र शोषण गरिन्छ । सिपाही र मजदुर साथीहरू, तपाइँहरूलाई कज्जाकहरूको कोर्राको गौरव बढाउन, देशको गौरव बढाउन युद्धमा धकेलिँदै छ । त्यही देश जसले मजदुर र किसानहरूलाई गोली ठोक्छ, तपाइँका सपुतहरूलाई जेलमा थुन्छ । हामी यो युद्ध चाहन्नौँ भनेर हामीले घोषणा गर्नुपर्छ । हाम्रो




लडाइँको नारा हुनुपर्छ - रुसको स्वतन्त्रता ।”

यो वक्तव्य युद्ध सुरु भएको खबर पाउँदाबित्तिकै हतारमा खेस्रा गरिएको थियो । यसमा अवस्थाको सङ्क्षिप्त विश्लेषणमात्र समेटिएको थियो । तैपनि, जनताले सेन्टपिटर्सबर्ग समितिको सङ्केत बुझिहाल्यो । पछि यही विचारलाई पार्टीका अरू सबै सङ्घसङ्गठनले सबल, परिमार्जित र पूर्ण बनाउँदै लगे ।

प्रान्तहरूसँगको सम्पर्क तत्कालै बिथोलियो । तैपनि प्रान्तमा सक्रिय मजदुरहरूको सचेत तप्कामा पनि यही विचार पलाएकोमा हामीलाई रतिभरि शङ्का थिएन । यसबारे हामीले कताकति मात्र खबर पायौँ । सरकारले सेनापरिचालन गरेको केही दिनपछि नै मैले कोस्त्रोमाबाट पठाइएको पत्र पाएँ । पत्रमा कोस्त्रोमाको एक मजदुर समूहले यस्तो निर्णय गरेको उल्लेख थियो :

“जारशाही सरकारले जमर्नी र अस्ट्रियाका सर्वहारा जनताविरुद्ध भाइमारा युद्धमा रुसी सर्वहाराहरूलाई अघि सारेकोमा हामी जोडदार निन्दा गर्छौँ । संसद्को सामाजिक जनवादी मजदुर समूहले युद्धविरुद्ध के कस्तो पाइला चालेको छ र युद्धमा होमिएका देशका सर्वहारा जनताप्रति भाइचारापूर्ण ऐक्यबद्धता व्यक्त गर्नका लागि के गर्दै छ भन्ने हाम्रो प्रश्न छ ।”

सेना परिचालन भएको दिन सेन्टपिटर्सबर्गका झन्डै २० कारखानाका मजदुरहरू युद्धविरुद्ध हडतालमा उत्रे । केही स्थानमा विपक्षीहरूविरुद्ध उनीहरूले जोडजोडले ‘युद्ध मूर्दावाद’ को नारा र क्रान्तिकारी गीत घन्काए । तर, अबको प्रदर्शन केही हप्ताअघिको भन्दा फरक परिस्थितिमा हुँदै थियो । खासगरी सहरको मध्य भागमा हिँडिरहेका बटुवाहरू तमासे मात्र बन्न सकेनन् । उनीहरूको देशभक्ति जागेर आयो । उनीहरू ‘मैत्रीपूर्वक तटस्थ’ बस्न सकेनन् । उनीहरू प्रदर्शनकारीहरूविरुद्ध जाइलागे । तिनलाई पक्राउ गर्न उनीहरूले प्रहरीलाई मद्दत गरे ।

सेना परिचालनको पहिलो दिन नेभ्स्की सडकमा यस्तै ‘देशभक्तिपूर्ण’ घटना भयो । मजदुर प्रदर्शनकारीहरू नगर भवनबाट जाँदै थिए । बटुवाहरूमा धेरैजसो पुँजीवादी सोचका अल्छीहरू थिए । अघि अघि मजदुर प्रदर्शनहरू हुँदा यस्ता कामचोरहरू कि त लुक्थे, नत्र कुनै गल्ली खोजी भाग्थे । अब भने यिनीहरू एकदम सक्रिय भए । उनीहरू ‘देशघाती गद्दार’ भन्दै कुर्लिए । प्रदर्शनकारीहरूलाई कुटाउन उनीहरूले प्रहरीलाई सघाए । प्रहरीले मजदुरहरूलाई पक्राउ गर्‍यो र चौकीमा लग्यो ।

यस्तो स्थितिमा युद्धविरुद्ध व्यापक आन्दोलन चलाउन सम्भव थिएन । त्यसैले मजदुर विशेषको पराक्रमलाई सैन्यवादी देशभक्तिको दलदलमा डुबाइयो ।

रुसका राजा र जनताबिच एकमना ‘एकता’ छ भनी देखाउन र युद्ध ऋणको पक्षमा भोट बटुल्न हतारमा संसद्को बैठक डाकियो । चरम दक्षिणपन्थीदेखि क्याडेट पार्टीका सांसदसम्म धेरैजसो त युद्धमुखी सोचका थिए । उनीहरूले ‘युद्ध नजितुञ्जेल लड्नुपर्ने’, ‘पितृभूमिको रक्षा’ जस्ता कुरा गरे । संसद्मा विभिन्न पार्टीका नेताहरूकाविदेशी शत्रुविरुद्ध एक भएर लड्नुपर्ने आह्वान र देशभक्तिपूर्ण भाषण छाप्न पत्रपत्रिकाबिच होड नै चल्यो ।

युद्धको विषयमा मजदुर सांसदहरूले के भन्ने हुन् भन्नेमा पुँजीवादी प्रेसले खूबै चासो लियो । एक साँझ म घरमै मजदुरहरूसँग भेट्दै थिएँ । सेन्ट पिटर्सबर्गका सबैजसो पत्रपत्रिकामा काम गर्ने पुँजीवादी पत्रकारहरू ओइरो लागेर मकहाँ आइपुगे । त्यहाँ कालासय अखबार ‘जेमश्चिना’ देखि वामपन्थी ‘देन’ सम्मका पत्रकार थिए । उनीहरूले मसँग नानाथरी प्रश्न गरे । उनीहरूले सोधे, “युद्धप्रति मजदुरहरूको धारणा के हो ? तपाइँको समूहको विचार के छ ? संसद्मा मजदुर सांसदहरूले अब कस्तो प्रस्ताव राख्लान् ?”

झटाझट नोटबुक र कलम निकालेर उनीहरू मेरो जवाफ टिप्न तम्तयार भए । तर, मैले जे भनेँ त्यो तिनका पत्रपत्रिकामा छाप्न नमिल्ने खालको थियो । मैले भनेँ :

“मजदुर वर्गले आफ्नो सारा बल लगाएर युद्धको विरोध गर्नेछ । यो युद्ध मजदुरहरूको हकहितविरुद्ध छ । बरु, यसको नाल संसारभरिका मजदुरहरूतर्फ नै फर्केको छ । समाजवादी इन्टरनेसनलको बास्ले अधिवेशनले संसारका सर्वहारा जनताको नाउँमा एउटा घोषणापत्र जारी गर्‍यो । कदाचित युद्ध भइहाले त्यो युद्धविरुद्ध दृढ सङ्घर्ष चलाउनु नै हाम्रो कर्तव्य हुनेछ भनेर त्यसमा स्पष्ट उल्लेख छ । हामी मजदुर वर्गका सच्चा प्रतिनिधिहरू ‘युद्धविरुद्ध युद्ध छेडौँ ” भन्ने मूल नाराका साथ डट्नेछौँ । हाम्रो समूहको प्रत्येक सदस्य आफ्नो बलबुताले भ्याएसम्म युद्धविरुद्ध लड्नेछ ।”

स्वभाविकै थियो, मेरो जवाफ कुनै पनि पत्रिकामा छापिएन । तर, गुप्त प्रहरीले तुरुन्तै यो खबर पायो । मेरो भनाइबाट हाम्रो पार्टीको युद्धविरोधी विचार उसले बुझिहाल्यो । यसपछि मलाई अनेक धम्कीपूर्ण चिठीपत्र आउन थाले । ती पत्र मलाई मनाउनभन्दा पनि मलाई सताउन लेखिन्थे ।

कालासय सांसदहरूले मलाई धेरै पत्र लेखे । सबैको सार हुन्थ्यो - खबरदार, तिम्रो हालत पनि हर्जेन्स्टिन र यलोसको जस्तै होला । हर्जेन्स्टिन र यलोस अघिल्लो संसद्का सांसद थिए । गुप्त प्रहरीसँगको मिलेमतोमा ‘रुसी जनताको युनियन’ दलका कार्यकर्ताले ती दुवैको हत्या गरेका थिए । मलाई पठाइएको एउटा पत्रमा त मेरो नरकङ्कालको चित्र पनि थियो । मेरो हालत त्यस्तै होला भन्ने धम्की थियो त्यो ।

यी धम्कीहरूबारे थाहा पाएपछि मजदुरहरूले मेरो घरबाहिर विशेष पहरा दिनुपर्ने अडान लिए । हत्याराहरूको गोलीबाट कोही बच्न सक्दैन भनी मैले कर गर्दा पनि मजदुरहरूले यो प्रस्तावमा जोडबल लगाए ।

यो घटना युद्धको पहिलो हप्तामा भएको थियो । युद्ध ऋणबारे मतदान हुने दिन सदनमा हामीले समूहको धारणा प्रस्ट पार्‍यौँ । घटना त्योभन्दा पनि अगाडिको थियो । सुरुमा हामीले दुई सामाजिक जनवादी समूह र त्रुदोभिकहरूसँग मिलेर संयुक्त वक्तव्य निकाल्ने प्रयास गर्‍यौँ । सेन्ट पिटर्सबर्गमा उपस्थित पार्टीका कामरेडहरूसँग सल्लाह गरेर हामीले युद्धको कडा निन्दा गर्ने र मजदुर वर्गले त्यसमा समर्थन नजनाउने घोषणा गर्ने निर्णय गर्‍यौँ । तीन समूहबिच वार्ता चल्यो । तर, त्रुदोभिकहरू पहिलो बैठकबाट बाहिरिए । बैठकमा करेन्स्की, चखाइद्जे र म थियौँ । करेन्स्कीले रुखो भाषामा त्रुदोभिकहरू युद्धको पक्षमा रहेको बताए । चखाइद्जे सुरुमा अलमलमा थिए । पछि उनी‘देशको प्रतिरक्षा’ गर्ने आवश्यकतातर्फ ढल्के ।

यद्यपि, लामो वार्तापछि दुई समूहले संयुक्त वक्तव्य जारी गर्ने भए । वक्तव्यको भाषा हाम्रो सेन्ट पिटर्सबर्ग समितिका केही सदस्य र केही प्रमुख मेन्शेभिकहरूको उपस्थितिमा निर्क्योल गरियो । मैले सम्झेसम्म पहिलो मस्यौदा सोकोलोभले लेखेका थिए । त्यही दिन शागोभ र पेत्रोभ्स्की पनि सेन्ट पिटर्सबर्ग फर्केका थिए । उनीहरूसिधै त्यो भेलामा आए । त्यसपछि दुवै समूहका थप सांसदहरू पनि थपिए । अनेक खेप बैठक बसेपछि र लामो छलफलपछि वक्तव्यको अन्तिम पाठमा बोल्शेभिक र मेन्शेभिक दुवै राजी भए ।

संसद्को दोस्रो बैठक जुलाई २६ गते हुँदै थियो । त्योभन्दा केही दिन अगाडि अधिकांश सांसदहरू दरबारमा आयोजित एक बैठकमा गए । यसपालि त्यो टोलीमा त्रुदोभिकहरू पनि थिए । उनीहरू सबैले राजाप्रति बफादारी पोखे । दोस्रो बैठकमा रोद्जान्कोले उच्च देशभक्ति जाहेर गर्दै ‘राजा र उनका बफादार प्रजाबिच एकमना एकता’ कायम भएको बताए । उनले‘राज्यको प्रतिरक्षामा पितृभूमि सङ्कटमा पर्दा (कसरी) रुसमा बसोबास गर्ने सम्पूर्ण जातजाति एकै भ्रातृत्वपूर्ण परिवारमा समाहित भए’ शैलीका कुरा गरे । सैन्यवादी देशभक्तिका यस्ता खुइलिएका खोक्रा सूत्रलाई सदनमा बहुमत भएको दलका नेताहरूले केही शब्द हेरफेर गर्दै दोहोर्‍याइरहे । त्रुदोभिक दलको तर्फबाट करेन्स्कीले एउटा वक्तव्य पढे । केही छद्म क्रान्तिकारी वाक्यांश घोल्दै उनले त्रुदोभिकहरूको धारणा राखे । उनले भने, “रुसी लोकतन्त्रको महान् र मूल शक्तिले दुश्मनविरुद्ध एक दृढ र सफल प्रतिरोध पेश गर्नुका साथै स्वदेश तथा अग्रज पुस्ताले रगत पसिना बगाएर रचेको आफ्नो संस्कृतिको रक्षा गर्नेछ ।”

त्यसपछि सामाजिक जनवादी समूहको वक्तव्य वाचन भयो । तर, सदनको स्टेनो रिपोर्टमा छापिनुभन्दा अगाडि नै सभामुख रोद्जान्कोले त्यसमा कैँची चलाए ।

हाम्रो वक्तव्यमा युद्ध तथा त्यसबारे मजदुर वर्गको विचार स्पष्ट र सटिक शब्दमा वर्णन गरिएको थिएन । त्यसमा ठोस क्रान्तिकारी निर्देशन पनि थिएन । तैपनि, अन्धराष्ट्रवादीहरूसँग दाँज्दा त्यसमा युद्धउन्मादको विरोध स्पष्टै झल्कियो । अन्य दलका वक्तव्यहरूभन्दा विपरीत सामाजिक जनवादी वक्तव्यमा युद्धको कडा निन्दा थियो; त्यसविरुद्ध मजदुर वर्गको एकतामा जोड थियो; कालासय सदनले पाखण्डपूर्वक स्वागत गरेको राजा र प्रजाबिचको ‘एकता’ वास्तविकता नभएको प्रस्टोक्ति थियो ।

देशभक्तिको उन्माद फलाकेपछि संसद्मा युद्ध बजेटको लागि मतदान हुने भयो । इन्टरनेसनलको निर्णयअनुसार हाम्रो समूहले कुनै पनि मतदानमा भाग नलिने जनायो र सांसदहरू संसद्बाट निस्किए । हाम्रो वक्तव्य र युद्ध ऋणको मतदानमा भाग नलिने उद्घोष सुनेर बहुमत सांसदहरूले आगो ओकले । वामपन्थी क्याडेट र प्रगतिशीललगायत सबै पार्टीका सांसदले होसचेत गुमाए र सदनको लबीमा हामीविरुद्ध जाइलागे ।

उनीहरूले भने, “तिमीहरू को हौ ? तिमीहरू मजदुरका प्रतिनिधि हौ । तिमीहरूले तिनको नेतृत्व गर्नुपर्ने हो । तर, उल्टो तिमीहरूले रुसी जनतालाई नर्कको डिलतर्फ घिसार्दै छौ । तिमीहरूले यो राष्ट्रलाई ध्वस्त पार्नेछौ ।”

दक्षिणपन्थीहरूले मुख छाडे र उनीहरूले हामीसँग पनि हिसाब मिलाउने धम्की दिए । उनीहरू हामीलाई ठाउँको ठाउँ हान्न तयार थिए । सदनका‘राजभक्तहरू’ को धाकधम्कीपूर्ण कोलाहल चिर्दै हामी सदनबाट बाहिरियौँ ।

सदनमा हाम्रो युद्धविरोधी अडान छिट्टै मजदुरहरूले थाहा पाए । यसैलाई पार्टीको युद्धविरोधी मार्गचित्र ठानियो । हामीले बिस्तारै भूमिगत गतिविधि अगाडि बढाउन थाल्यौँ । युद्धविरुद्ध सङ्घर्ष गर्न जनतालाई सङ्गठित गर्नु नै हाम्रो लक्ष्य थियो । युद्धका सुरुआती दिनको सकसपूर्ण माहोलमा पार्टी गतिविधि गर्न गाह्रो थियो । विदेशमा रहेको केन्द्रीय समितिसँग सम्पर्क गर्न झन् गाह्रो थियो । अस्ट्रिया सरकारले लेनिनलाई गिरफ्तार गरिसकेको थियो । विदेशमा रहेको पार्टी केन्द्रसँग सम्पर्क पुनःस्थापित गर्नुभन्दा दुई महिनाअघिको घटना थियो त्यो । युद्धविरोधी प्रचारप्रसार गर्नु नै हाम्रो मुख्य कार्यभार थियो । युद्ध चलिरहेकै बेला यसो गर्दा पक्राउ पर्ने प्रत्येक कार्यकर्तालाई सिधै सैन्य अदालतले मृत्युदण्ड दिने पक्कापक्की थियो ।






युरोपेली देश पोर्चुगलको राजधानी लिस्बनमा राष्ट्रिय ट्रेड युनियन महासङ्घको आह्वानमा सरकारले ल्याएको मजदुरविरोधी ऐन तथा नीतिको विरोधमा भएको आमहडताल आह्वान गर्दै भएको विशाल मजदुर जुलुस डिसेम्बर ११, २०२५ का दिन ।

*तस्बिर : एनटीयूसीको फेसबुक पेज*

# युरोपेली सङ्घद्वारा रूसविरुद्ध नयाँ आर्थिक प्रतिबन्ध लागु

ब्रसेल्स, २७ मङ्सिर (सिन्ह्वा) । युरोपेली सङ्घ (ईयु) ले शुक्रबार रूसी केन्द्रीय बैङ्कका सम्पत्ति कुनै पनि प्रकारले रूस फर्किन नदिने निर्णय गरेको छ । उक्त कदम युक्रेनमा जारी द्वन्द्वलाई दृष्टिगत गर्दै तत्काल लागु गरिएको हो ।

सङ्घले जारी गरेको विज्ञप्तिमा उल्लेख छ, "सङ्घको अर्थतन्त्रमा पर्ने नकारात्मक असर कम गर्न यो निर्णय तत्काल प्रभावका लागि गरिएको हो ।"

निर्णय अनुसार, रूसी केन्द्रीय बैङ्कको सम्पत्ति पूर्ण रूपमा प्रतिबन्धित गरिएको छ । यसले रूसी बैङ्कको तर्फबाट वा निर्देशनमा कार्य गर्ने कुनै पनि व्यक्ति, संस्था वा निकायसँग सम्बन्धित लेनदेनलाई पनि समेट्छ ।

युरोपेली परिषद् अध्यक्ष एन्टोनियो कोस्टाले सामाजिक सञ्जालमा लेख्नुभयो,"अक्टोबरको परिषद् बैठकमा रूसी सम्पत्ति सुरक्षित राख्ने प्रतिबद्धता जनाइएको थियो र शुक्रबारको निर्णयले त्यस प्रतिबद्धता पूरा गरेको हो ।

विज्ञप्तिमा यो कदम अस्थायी भए पनि रूसलाई युक्रेनसँगको युद्धका लागि वित्तीय वा अन्य स्रोत उपलब्ध गराउँदा सङ्घको अर्थतन्त्रमा असर पर्न सक्ने अवस्थामा प्रतिबन्ध जारी रहने उल्लेख छ ।

यस निर्णयअनुसार करिब दुई लाख दस हजार करोड युरो मूल्यको सम्पत्ति लक हुनेछ । यसमा करिब एक लाख नब्बे हजार करोड युरो बेल्जियमस्थित वित्तीय संस्था युरोक्लियरमा सुरक्षित छ ।

सम्पत्ति रूस-युक्रेन द्वन्द्व सुरु भएपछिका युरोपेली सङ्घका प्रतिबन्धअन्तर्गत सुरक्षित राखिएको हो । यी प्रतिबन्धहरू हरेक छ महिनामा २७ सदस्य राष्ट्रको सर्वसम्मत अनुमतिसहित नवीकरण गर्नुपर्छ ।

हङ्गेरी र स्लोभाकियाले युक्रेनको समर्थन बढाउन विरोध गरे पनि शुक्रबारको निर्णयले उनीहरूलाई प्रतिबन्ध नवीकरण अवरुद्ध गर्न नसक्ने बनाएको छ ।

हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानले लेख्नुभयो,"आजको निर्णयसँगै युरोपेली सङ्घमा कानुनको शासन कमजोर भएको अनुभूति हुन्छ । हङ्गेरीले कानुनी व्यवस्था पुनःस्थापना गर्न आफ्नो सक्दो प्रयास गर्नेछ ।"

स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोले भन्नुभयो,"उहाँले युक्रेनका आगामी सैन्य खर्चको लागि रूसको सम्पत्ति प्रयोग गर्ने कुनै पनि योजना समर्थन गर्ने अवस्थामा छैनन् ।

यस निर्णयको एक हप्तापछि डिसेम्बरमा हुने युरोपेली परिषद् बैठकमा नेताहरू युक्रेनका तत्काल वित्तीय आवश्यकताहरू पूरा गर्ने उपायबारे छलफल गर्नेछन् । अक्टोबरको बैठकमा रूसको सम्पत्ति युक्रेनको क्षतिपूर्ति ऋणको लागि प्रयोग गर्ने योजना बनाउन नेताहरू असफल भएका थिए ।

रूसी बैङ्कले आफ्नो सम्पत्ति प्रयोग गर्ने युरोपेली योजनाविरुद्ध कानुनी कदम चाल्ने निर्णय गरेको छ । बैङ्कले यस प्रकारका कदमले अन्तर्राष्ट्रिय कानुन र सार्वभौमिकताको उल्लङ्घन गर्न सक्ने चेतावनी दिएको छ । रूसी राज्य समाचार एजेन्सी टास्कका अनुसार, रूसी बैङ्कले युरोक्लियरविरुद्ध मस्को मध्यस्थ अदालतमा मुद्दा दायर गरेको छ र क्षतिपूर्तिको माग गरेको छ ।

# अस्ट्रेलियामा १६ वर्षमुनिका लागि सामाजिक सञ्जालमा कडाइ, ७९ प्रतिशत समर्थन

मेलबर्न,२७ मङ्सिर (सिन्ह्वा) । अष्ट्रेलियामा धेरै मानिसले सङ्घीय सरकारले लगाएको १६ वर्षमुनिका बालबालिकाको सामाजिक सञ्जाल प्रयोगमा प्रतिबन्धलाई समर्थन गरेका छन् ।

मोनाश विश्वविद्यालयको तर्फबाट रोय मोर्गन रिसर्चले एक हजार ५९८ जनामा गरेको सर्वेक्षण अनुसार ७९ प्रतिशतले यस प्रतिबन्धलाई समर्थन गरेका छन् । यो प्रतिबन्ध बुधबारदेखि लागु भएको हो ।

उमेर समूहअनुसार समर्थन फरक देखियो ।१८-२४ वर्षका युवाहरूमा समर्थन ७२ प्रतिशत रहेको छ भने ५०-६४ वर्षका बिच ८० प्रतिशत र ६५ वर्षमाथिका समूहमा ८७ प्रतिशत पुगेको छ ।

मोनाश विश्वविद्यालयका प्रोफेसर मार्क आन्द्रेभिकका अनुसार, "यो प्रतिबन्ध मुख्यतया केही शक्तिशाली विदेशी प्लेटफर्मलाई लक्षित गरेको हो, जसले युवा प्रयोगकर्तालाई ट्र्याक गरेर विज्ञापनमार्फत लाभ उठाउँछन् ।" उहाँका अनुसार यी एपहरूले युवा प्रयोगकर्तालाई अनियमित विज्ञापन, गलत सूचना र मनोवैज्ञानिक रूपमा प्रभावित गर्ने एल्गोरिदममार्फत शोषण गर्ने आरोपमा छन् ।

समर्थकहरूले यस प्रतिबन्धले युवाको मानसिक स्वास्थ्य, धम्की, चरमपन्थी सामग्री, गलत सूचना र यौन अपराधीबाट हुने जोखिम घटाउने बताएका छन् । विरोधीहरूले भने यसले अभिभावक अधिकारमा हस्तक्षेप गर्ने र सामाजिक जडानमा बाधा पुऱ्याउने आरोप लगाएका छन् ।

यो कदमले दुईपक्षीय समर्थन पाएको छ र विश्वव्यापी ध्यान आकर्षित गरेको छ, किनभने अन्य देशहरू पनि समान कानुनी विचार गरिरहेका छन् ।

तर, रेडिटले उच्च अदालतमा चुनौती दायर गरेको छ । यसले आफ्नो प्रौढ प्रयोगकर्ता केन्द्रित फोरमहरूमा प्रतिबन्ध लागु नहुने तर्क गरेको छ । गत महिना, दुई जना १५ वर्षीय अष्ट्रेलियाली किशोरहरूले पनि उच्च अदालतमा संवैधानिक चुनौती दायर गरेका थिए ।

नयाँ कानुनअनुसार प्रभावित प्लेटफर्महरूले १६ वर्षमुनिका प्रयोगकर्तालै खाता सिर्जना गर्न वा पहुँच गर्न नदिने उचित कदम चाल्नुपर्नेछ ।

# थाइल्यान्ड-कम्बोडिया सीमा विवादः हवाई आक्रमण जारी

न्होम पेन्, २७ मङ्सिर (सिन्ह्वा) । कम्बोडियाली रक्षा मन्त्रालयका अनुसार थाइल्यान्डको सेनाले शनिबार बिहान दुईवटा एफ-१६ फाइटर जेटमार्फत पुरसात प्रान्तमा बम प्रहार गरेको छ ।

विज्ञप्तिमा बिहान ५:५० र ५:५५ बजे त्मोर क्षेत्रमा एउटा होटल भवन नष्ट गर्न दुईवटा बम प्रहार गरिएको भनिएको छ । त्यसपछि बिहान ६:०२ र ६:०७ बजे चेई चम्नास पुल नष्ट गर्न दुईवटा बम प्रहार गरियो भने ६:१२ बजे पुरानो चेई चम्नास पुलमा थप बम प्रहार भएको छ । कम्बोडियाली रक्षा मन्त्रालयले भनेको छ, "थाइल्यान्डको बमबार्डमेन्ट अझै रोकिएको छैन ।" थाइल्याण्डको तर्फबाट अहिलेसम्म कुनै प्रतिक्रिया आएको छैन । कम्बोडिया-थाइल्याण्ड सीमाक्षेत्रको विवाद ७ डिसेम्बरदेखि पुनः सुरू भएको हो ।

## विश्व सङ्क्षेप

# अमेरिकामा मौसमी फ्लु प्रकोप अस्पताल भर्ना र मृत्युको सङ्ख्या बढ्दो

लस एन्जलस, २७ मङ्सिर (सिन्ह्वा) । अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रका पछिल्लो अनुमानअनुसार, हाल मौसमी फ्लुका कारण संयुक्त राज्य अमेरिकामा करिब २९ लाख व्यक्ति सङ्क्रमित भएका छन्, जसमा तीस हजार जना अस्पताल भर्ना भएका छन् भने एक हजार दुई सय जनाको मृत्यु भएको छ ।

केन्द्रका अनुसार मौसमी इन्फ्लुएन्जा देशका अधिकांश भागमा बढ्दो क्रममा छ र यस सिजनमा इन्फ्लुएन्जा ए (एच३एन२) प्रमुख भाइरसको रूपमा फैलिरहेको छ । छ डिसेम्बरसम्मको हप्तामा अमेरिकी सार्वजनिक स्वास्थ्य प्रयोगशालाहरूले राष्ट्रव्यापी रूपमा पाँच सय सैंतालिस इन्फ्लुएन्जा भाइरस पत्ता लगाएका छन् । यसै हप्तामा यस सिजनको पहिलो बालबालिका मृत्युसँग सम्बन्धित फ्लुको रिपोर्ट पनि आएको छ ।

केन्द्रले विशेष गरी छ महिनाभन्दा माथिका व्यक्तिलाई, वार्षिक फ्लु खोप लगाउन सिफारिस गरेको छ ।

त्यसैगरी, केन्द्रका अनुसार, फ्लु उपचारका लागि केही औषधिहरू उपलब्ध छन् । यी औषधिहरू समयमै सुरु गर्दा सबैभन्दा प्रभावकारी हुन्छन् र विशेषगरी ती व्यक्तिहरूका लागि महत्त्वपूर्ण छन्, जसलाई गम्भीर फ्लु-सम्बन्धित जटिलता हुने जोखिम बढी हुन्छ ।

# मिथेन उत्सर्जनमा न्युजिल्याण्डको संशोधित २०५० लक्ष्य सार्वजनिक

वेलिङ्टन, २७ मङ्सिर (सिन्ह्वा) । न्यूजिल्याण्डले सन् २०५० का लागि 'मिथेन उत्सर्जन' लक्ष्य घटाउने विधेयक पारित गर्दै कृषि उत्पादनशिलता र उत्सर्जन कटौतीबिच सन्तुलन कायम गर्ने प्रयास गरेको छ । शुक्रबार संसदमा पारित 'क्लाइमेट चेन्ज रिस्पोन्स' (२०५० टार्गेट एन्ड अदर म्याटर्स) एमेन्डमेन्ट बिलले नयाँ लक्ष्य सन् २०१७ को तुलनामा १४-२४ प्रतिशत मिथेन कमी निर्धारण गरेको छ, जुन पहिलेको २४-४७ प्रतिशत लक्ष्यभन्दा निकै कम हो ।

सरकारका अनुसार, अद्यावधिक लक्ष्यले जलवायुसम्बन्धी कानुनलाई समयअनुकूल बनाउने उद्देश्य राख्छ । कृषिमन्त्री टोड म्याक्लेले यो लक्ष्यले किसान र निर्यातकलाई दीर्घकालीन निश्चितता दिने बताउनुभयो । जलवायु परिवर्तनमन्त्री साइमन वाट्सका अनुसार, उत्सर्जन कटौती प्रविधि विकासमार्फत हुने हो, फार्म बन्द गरेर होइन ।

सरकार र उद्योगले संयुक्त रूपमा ४० करोड न्यूजीलेण्ड डलर लगानी गरेर मिथेन घटाउने प्रविधिहरू विकास गरिरहेका छन् । तीमध्ये पहिलो प्रविधि सन् २०२६ बाट किसानका फार्ममा उपलब्ध हुनेछ भने सन् २०३० सम्ममा करिब ११ वटा प्रविधि बजारमा आउने अपेक्षा गरिएको छ ।

विधेयकले लामो अवधि कायम रहने ग्यासहरूको नेट-जिरो लक्ष्य भने यथावत राख्दै, अद्यावधिक लक्ष्यसँग तालमेल राख्न चौथो उत्सर्जन बजेटलाई पछि सारिएको छ ।

# ट्रम्पको मध्यस्थतापछि पनि थाइल्यान्ड-कम्बोडिया तनाव कायमै

बेङ्कक, २७ मङ्सिर (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले थाइल्यान्ड र कम्बोडियाबिच युद्धविराममा सहमति भएको घोषणा गरे पनि थाइल्यान्डले कम्बोडियाविरुद्ध सैन्य आक्रमण जारी राख्ने स्पष्ट पारेको छ ।

थाइल्यान्ड र कम्बोडियाबिचको झडप औपनिवेशिक कालमा तय गरिएको करिब ८०० किलोमिटर लामो सीमासम्बन्धी विवादका कारण यस महिनादेखि पुनः चर्किएको हो । यस द्वन्द्वका कारण दुवै देशमा गरी करिब पाँच लाख मानिस विस्थापित भएका छन् भने पछिल्लो साता मात्र कम्तीमा २० जनाको मृत्यु भएको छ ।

शनिबार थाइल्यान्डका प्रधानमन्त्री अनुटिन चार्नभिराकुलले आफ्नो देशको भूमि र जनताको सुरक्षामा खतरा कायमै रहेसम्म सैन्य कारबाही रोकिने सम्भावना नरहेको बताउनुभयो । बैङ्ककस्थित संयुक्त प्रेस केन्द्रका अनुसार थाइ सेनाले बिहान ५:५० बजे कम्बोडियाली सैन्य लक्ष्यहरूविरुद्ध प्रतिशोधात्मक आक्रमण गरेको थियो ।

कम्बोडियाले थाइ लडाकु विमानहरूले आफ्ना भूभागमा बम खसालेको आरोप लगाएको छ । यसबारे प्रतिक्रिया दिँदै थाइ नौसेनाका प्रवक्ताले द्वन्द्व क्षेत्रमा हतियार ढुवानी गर्न प्रयोग हुँदै आएका कम्बोडियाका दुई पुल ध्वस्त पारिएको जानकारी दिनुभयो ।

शुक्रबार राष्ट्रपति ट्रम्पले थाइल्यान्डका प्रधानमन्त्री अनुटिन र कम्बोडियाका प्रधानमन्त्री हुन मानेटसँग भएको फोनवार्तापछि दुवै देशले तत्काल गोलीबारी रोक्ने सहमति गरेको दावी गर्नुभएका थिए । तर दुवै पक्षले युद्धविराम उल्लङ्घनको आरोप एक-अर्कामाथि लगाइरहेका छन् ।

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले आफ्नो देश शान्तिपूर्ण उपायमार्फत समस्या समाधानमा प्रतिबद्ध रहेको बताउनुभएको छ भने कम्बोडियाका सूचनामन्त्रीले थाइ सेनाले नागरिक पूर्वाधार र सर्वसाधारणलाई लक्षित गरी आक्रमण गरेको आरोप लगाउनु भएको छ । थाइ वायुसेनाले भने निर्दोष नागरिकलाई क्षति नपुग्ने गरी उच्च सटीक हतियार प्रयोग गरिएको दावी गरेको छ ।

यसअघि अमेरिका, चीन र आसियान अध्यक्ष मलेसियाको मध्यस्थतामा जुलाईमा युद्धविराम भएको थियो । तर सीमामा बारुदी सुरुङ विस्फोटमा थाइ सैनिक घाइते भएपछि नोभेम्बरमा उक्त सम्झौता स्थगित गरिएको थियो ।

# पुस्तक चर्चा : चीन बुझाउने कृति 'चिनियाँ दृष्टिकोण'

कृष्ण अधिकारी

काठमाडौँ, २७ मङ्सिर । विश्व प्रणालीमा केही वर्षदेखि चीन एक उदीयमान शक्ति राष्ट्रको रूपमा मात्र नभएर आगामी शताब्दीलाई पनि आफ्नो अनुकूल हिँडाउन सक्षम रहने यसले लिएका आर्थिक विकासका रणनीतिहरूले सहजै अनुमान लगाउन सकिन्छ ।

उक्काइसौँ शताब्दीको जटिल र परस्पर सम्बद्ध विश्वमा चीनले आफ्नो अनौठो ऐतिहासिक, सांस्कृतिक र राजनीतिक अनुभवका आधारमा विकास, सुशासन र अन्तर्राष्ट्रिय सम्बन्धका लागि एक व्यवस्थित दृष्टिकोण विकास गरेको छ । यो दृष्टिकोण केवल आर्थिक सूचाङ्कमा मात्र केन्द्रित नभएर मानव समुदायको भविष्यका लागि साझा भाग्यको एक सामूहिक खोजीमा आधारित छ ।

भूगोलले मात्र नभई सदिऔँदेखिको सम्बन्धले नेपाल चीनको असल मित्रराष्ट्र हो तर चीनबाट नेपालले जे जति सहयोग लिन सक्नुपर्ने हो त्यसमा भने सन्तुष्ट हुन सक्ने ठाउँ रहेको छैन । चीनले लिएका पछिल्ला नीतिहरूका बारेमा नेपालले गहन रूपमा आत्मसात गर्न नसकेको मात्र होइन, त्यसको त्यसको अन्तर्यलाई बुझ्नुभन्दा अपव्याख्या गर्ने प्रवृत्तिले गर्दा पनि अनावश्यक विवाद सिर्जना भई सहयोगका ढोकाहरू राम्ररी खुल्न सकेका छैनन् । आम सर्वसाधारणमा मात्र होइन, राजनीतिक नेतृत्वहरूमा नै चीनप्रतिको बुझाइ निकै कम रहेको अवस्थामा चीनले लिएका पछिल्ला रणनीतिहरूका बारेमा स्पष्ट गराउने गरी लामो समय चीनमा रहेर पत्रकारिता गर्दै आउनुभएका पत्रकार चेतनाथ आचार्यद्वारा लिखित चिनियाँ दृष्टिकोण नामक पुस्तक नेपालका राजनीतिकर्मी, विद्यार्थी, प्राध्यापक, पत्रकार, कूटनीतिकर्मी, खोज अनुसन्धानकर्तालगायत चीनका बारेमा चासो राख्ने सर्वसाधारण सबैका लागि लाभदायक नै हुनेछ । आचार्यले यस अगाडि पनि चीनका बारेमा थुप्रै पुस्तक लेखिसक्नुभएको छ ।

पुस्तकमा चिनियाँ दृष्टिकोणका आधारभूत मान्यताहरू जस्तै जिडीआई, जिएसआई, जिसीआई, बिआरआई, जिजीआई र चीनमा कार्यमूलक लोकतन्त्रको महत्त्वका बारेमा जानकारी दिइएको छ । यी नीतिहरूका बारेमा विस्तृत रूपमा अध्ययन पुस्तकबाट सम्भव नहुने भए पनि सारभूत कुराहरू थाहा पाउन भने सकिन्छ । चीनले विश्वव्यापी समृद्धिका लागि ल्याएको जिडीआई, जीएसआई, जिसीआईजस्ता मान्यताहरूलाई नै चिनियाँ दृष्टिकोण भनिन्छ । यिनै विषयवस्तुहरूलाई लेखकले पुस्तकमा विवेचना गर्न खोज्नुभएको छ । पुस्तकमा समाविष्ट अधिकांश सामग्री अङ्ग्रेजी भाषाबाट अनुवाद र सम्पादन




गरिएको कुरालाई लेखकले स्वीकार्नु मात्र भएको छैन, सन्दर्भ सामग्रीका रूपमा मूलस्रोतका लिङ्कहरू राखिदिएकाले त्यसमा थप अध्ययन गर्न चाहनेहरूका लागि ढोका पनि खोलिदिनुभएको छ । पछिल्लो समय चीनले नेपालबाट विभिन्न क्षेत्रका व्यक्तिहरूलाई आमन्त्रण गरेर यी र यस्तै विषयमा प्रशिक्षणहरू सञ्चालन गर्दै आए पनि ती पर्याप्त हुन सक्दैनन् । यस पुस्तकले त्यो अपर्याप्ततालाई पूरा गर्न सहयोग गर्ने नै छ ।


जिडीआई चिनियाँ विदेश नीति र विश्वशासन दर्शनको मूलभूत सिद्धान्त हो । जिडीआईले आर्थिक असमानता, जलवायु परिवर्तन र महामारीजस्ता विश्वव्यापी चुनौतीहरूको सामनाका लागि एकजुट हुन आवश्यक रहेको कुरामा जोड दिने गरेको छ । जिडीआईले विकासलाई प्राथमिकता दिन्छ, विशेष गरी संयुक्त राष्ट्र सङ्घको सतक विकास लक्ष्य २०३० लाई पूरा गर्ने सङ्कल्पलाई बलियो बनाउँदछ । गरिबी निवारण, खाद्य सुरक्षा र स्वच्छ ऊर्जाजस्ता क्षेत्रहरूमा सहकार्यलाई बढावा दिँदै यस पहलले विकासशील राष्ट्रहरूलाई 'सही क्षमता निर्माण'मार्फत आत्मनिर्भर बन्न र विश्व अर्थतन्त्रमा सहभागी हुन सहयोग गर्ने उद्देश्यले विश्वव्यापी विकास असमानतालाई घटाउने प्रयत्न गर्छ ।

एक्काइसौँ शताब्दीमा परम्परागत र गैरपरम्परागत चुनौतीहरू थपिँदै गएको सन्दर्भमा चीनले विश्वव्यापी सुरक्षा अभियान 'जिएसआई' ल्याएर समस्याहरूको सामूहिक निराकरणमा अग्रसरता देखाएको छ । एक अकार्काको सांस्कृतिक सभ्यताको सम्मान गर्दै सद्भावपूर्ण वातावरण सिर्जना गर्नका लागि चीनले अगाडि सारेको विश्वव्यापी सभ्यता अभियान 'जिसिआई' अहिले लोकप्रिय बनेको छ । विश्वव्यापी सभ्यता पहलअर्थात् जिसिआई भनेर चिनिने एक नयाँ अन्तर्राष्ट्रिय पहल चीनले सार्वजनिक गरेको छ । यसको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय सहयोगलाई बढावा दिएर विश्वव्यापी चुनौतीहरू समाधान गर्नु हो । यसले सार्वभौमिक समानता, अन्तर्राष्ट्रिय कानुन, बहुपक्षवाद, मानव केन्द्रित दृष्टिकोण र ठोस कार्यहरूमा केन्द्रित नीति बोकेको छ । चीनले संयुक्त राष्ट्रसङ्घको केन्द्रीय भूमिकालाई कायम राख्न र विकासशील राष्ट्रहरूको आवाजलाई बलियो बनाउन यो पहल ल्याएको हो । यो पहल भविष्यको विश्व व्यवस्थाका बारेमा चीनको दृष्टिकोणको एक भाग हो ।

जिडिआई, जिएसआई र जिसिआईका सिद्धान्तहरूलाई कार्यान्वयन गर्ने एक व्यावहारिक र ठोस मञ्च हो बीआरआई । यो एसिया, युरोप, अफ्रिका र अन्य क्षेत्रहरूबिच आधारभूत संरचना, व्यापार र वित्तीय एकीकरणलाई बढावा दिने एक महत्त्वाकांक्षी परियोजना हो । यसले सडक, रेलवे, बन्दरगाह र ऊर्जा परियोजनाहरूमार्फत यातायात लागत घटाएर व्यापार र लगानीलाई सुविधाजनक बनाउँछ । अहिले पनि धेरै विकासशील राष्ट्रहरूले आधारभूत संरचनाको अभाव भोगिरहेका छन् । बिआरआईले ती देशहरूलाई आर्थिक विकासका लागि आवश्यक भौतिक आधार निर्माण गर्न सहयोग गर्दछ । बिआरआईले एक पक्षीय लाभको सट्टा पारस्परिक रूपले फाइदाजनक सहकार्यमा जोड दिन्छ । यसले सहभागी राष्ट्रहरूको अर्थतन्त्रलाई गति दिन्छ भने चीनलाई नयाँ बजारहरू र साझेदारहरू प्राप्त हुन्छन् । शान्ति, सहकार्य, सद्भाव र पारस्परिक लाभमा आधारित विश्वको पुनः कल्पना गरेका छन् ।

मकालु प्रकाशन गृहले प्रकाशनमा ल्याएको यो पुस्तकमा २७ वटा लेखहरू समावेश गरिएका छन् । चीनले विश्वलाई बाँडिरहेको विकास, शान्ति, सुरक्षा, सभ्यताजस्ता दृष्टिकोणलाई समेटेर लेखिएको यो पुस्तक 'चिनियाँ दृष्टिकोण' प्रकाशन गर्न पाउँदा गौरवान्वित भएको बताउँदै प्रकाशन गृहका प्रमुख वासुदेव ढकालले प्रकाशकीयमा लेख्नुभएको छ-चीनले आफू मात्र विकसित नभई छिमेकी मुलुकहरूलाई पनि विकासका भँगालाहरूमा समेट्दै अगाडि बढ्दा चीनले प्राप्त गरेको समृद्धि अरू मुलुकलाई पनि बाँड्दै आएको छ । चीनका यी दृष्टिकोण चीनका लागि मात्र नभएर बाह्य जगतका लागि लाभदायक छन् । विश्वलाई विकासका उल्लिखित नमुना वितरण गर्ने हैसियत बनाएको चीनले आन्तिरिक रूपमा चाहिँ अनुपम प्रजातन्त्र अँगालेको छ । समग्रमा पुस्तक जिडिआई, जिएसआई, जिसिआई, बिआरआई र कार्यमूलक लोकतन्त्र विश्व शासन र विकासका लागि दूरदर्शी र रोडम्याप बुझ्नका लागि उपयोगी छ ।

हार्दिक समवेदना



जन्म
२०१०/०३/२४

निधन
२०८२/०८/२२

लक्ष्मीभक्त चवाल

यस चाँगुनारायण भक्ति इँटा उद्योग र चाँगुनारायण चिम्नी भट्टाका साझेदार **लक्ष्मीभक्त चवाल**को दुःखद निधन भएको आज सातौँ दिन (न्हेनुमा)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**चाँगुनारायण भक्ति इँटा उद्योग**
**र**
**चाँगुनारायण चिम्नी भट्टा**
झौखेल, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२००२/१०/२१

निधन
२०८२/०८/१७

**हेलबहादुर लवजु**

जय श्री महाकाली इँटा उद्योगका साझेदार लक्ष्मीसुन्दर लवजुका पूजनीय पिता **हेलबहादुर लवजु**को दुःखद निधन भएको आज १२ औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भाववूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**जय श्री महाकाली इँटा उद्योग परिवार**

ताथली, चानपा-९, भक्तपुर

## हार्दिक समवेदना



जन्म
२०१०/०३/२४

निधन
२०८२/०८/२२

**लक्ष्मीभक्त चवाल**

जय श्री महाकाली इँटा उद्योगका साझेदार मित्रद्वय केशव चवाल र कृष्णसुन्दर चवालका पूजनीय पिता **लक्ष्मीभक्त चवाल**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भाववूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जय श्री महाकाली इँटा उद्योग परिवार**

ताथली, चानपा-९, भक्तपुर

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

# ख्वप माध्यमिक विद्यालय

भ.न.पा. ६, देकोचा, भक्तपुर

## अनलाइन बोलपत्र तथा दरभाउपत्र आह्वानको सूचना

गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०८२/०८/२८ (फोन नं. ०१-६६१०९३२, ०१-६६१४३३६)

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालयका विद्यार्थीहरूको लागि आवश्यक विद्यालमा रहेको नमुनाअनुसारको पोसाक कपडा, ट्रायक सुट, स्वेटर तथा टिर्सटहरू छुट्टाछुट्टै प्याकेजमा खरिद गर्नुपर्ने भएकोले बोलपत्र/दरभाउपत्रको Bid Document मा तोकिएको Specification अनुसारका इजाजत प्राप्त फर्म कम्पनीहरूले इजाजत प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०८१/८२ को करचुक्ता प्रमाणपत्र वा म्याद थपको प्रतिलिपिसमेत संलग्न गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको webportal (www.bolpatra.gov.np/egp) मार्फत Online Bid Submission गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र/दरभाउपत्रदाताहरूले यस विद्यालयको निम्नानुसारको राजस्व खातामा छुट्टाछुट्टै बोलपत्र/दरभाउपत्रको लागि छुट्टाछुट्टै Bid price दाखिला गरी सोको सक्कल भौचरको छुट्टाछुट्टै Scanned copy समेत अपलोड गर्नुपर्नेछ । बोलपत्र/दरभाउपत्रदाताहरूले आफूले आपूर्ति गर्न प्रस्ताव गरेको पोसाक कपडा, ट्रायक सुट, स्वेटर तथा टिसर्टहरूहरूको नमुना Bid Document मा उल्लेख भएअनुसार बोलपत्र/दरभाउपत्र पेस गर्ने अन्तिम मिति र समयसम्ममा छुट्टाछुट्टै प्याकेजमा सिलबन्दी गरी विद्यालयमा पेस गरिसक्नुपर्नेछ । नमुना सामान पेस नगर्ने बोलपत्र/दरभाउत्रहरू मूल्याङ्कनमा समावेस गरिनेछैन ।

| S.N. | Contract ID: | Description | Bid fee | Bid Security Amount |
|---|---|---|---|---|
| 1. | Khwopass/NCB/Goods/UC/082/83 | Procurement of Supply and Delivery of Uniform Cloths and Uniform Material | 3,000/- | 1,40,000/- |
| 2. | Khwopass/SQ/Goods/TR/082/83 | Procurement of Supply and Delivery of Track Suit | 1,000/- | 47,000/- |
| 3. | Khwopass/SQ/Goods/HS/082/83 | procurement of Supply and Delivery Half Sweater | 1,000/- | 19,000/- |
| 4. | Khwopass/SQ/Goods/TS/082/83 | Procurement of Supply and Delivery of T–Shirt | 1,000/- | 29,000/- |

**बैङ्कको नाम** : नेपाल बैङ्क लिमिटेड, कमलविनायक, भक्तपुर शाखा, **खातावालाको नाम**: ख्वप माध्यमिक विद्यालय
**फाराम शुल्क जम्मा गर्ने आम्दानी खाता नं.** : ०१९००१०००२३९८८००००१, वा विद्यालयको लेखा शाखामा बुझाएको रसिद
**धरौटी रकम जम्मा गर्ने खाता नं.** : ०१९००१०००२४००९००००१
**प्रिबिड मिटिङ हुने मिति/समय** : २०८२/०९/०९ गते, दिउँसो १३:०० बजे
**दरभाउपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८२/०९/१४ गते, दिउँसो १२:०० बजे मात्र ।
**बोलपत्र फाराम पेस गर्ने अन्तिम मिति/समय** : २०८२/०९/२९, दिउँसो १२:०० बजेसम्म मात्र ।
**दरभाउपत्र खोल्ने मिति/समय** : २०८२/०९/१४, दिउँसो १३:०० बजे
**बोलपत्र खोल्ने मिति/समय** : २०८२/०९/२९ गते दिउँसो १३:०० बजे

## हार्दिक समवेदना



**लक्ष्मीभक्त चवाल**


**जन्मः २०१०/०३/२४ निधनः २०८२/०८/२२**

यस गयः भिंघो (परदेशी भीमसेन) मूल सुधार समितिका सक्रिय सल्लाहकार एवं सक्रिय भूमिका निर्वाह गर्नुहुने **लक्ष्मीभक्त चवाल**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**गयः भिंघो (परदेशी)**

**भीमसेन मूल सुधार समिति परिवार**

## हार्दिक समवेदना



**लक्ष्मीभक्त चवाल**

**जन्मः २०१०/०३/२४ निधनः २०८२/०८/२२**

हाम्रा आत्मीय दाजु **लक्ष्मीभक्त चवाल**को दुःखद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**काँचो इँटा सुकुना फाँट परिवार**

प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः विष्णुगोपाल कुसी ★ कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा